डढेलो नियन्त्रण गरौं,
वातावरण जोगाऔं ।
डढेलोले,
- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,
त्यसैले,
वन पैदावारको सङ्कलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY
# प्रतीक
राष्ट्रिय 'क' वर्ग
दैनिक
eprateekdaily.com

जनहितमा जारी सन्देश
- चर्को गर्मीमा रिङ्टा लाग्ने ।
- कीरा फटयाङ्ग्राको प्रकोप बढ्ने ।
- खाद्यजन्य प्रदूषणको खतरा हुन्छ । जोगिएर बसौं ।
- 'लू'को बेला वृद्धवृद्धा नागरिक घरभित्रै बसौं । बिहान र बेलुका मात्र भ्रमण वा अन्य कामले बाहिर निस्कौं ।
वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ वैशाख २२ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 04 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २४१

## एमाले पर्साको अधिवेशनमा कुटाकुट



निर्वाचनस्थलमा विवाद हुँदै । तस्वीरः प्रतीक

प्रस, वीरगंज, २१ वैशाख/

नेकपा (एमाले) पर्सा जिल्ला कार्यसमितिको नवौं अधिवेशन अन्तर्गत नयाँ नेतृत्व चयन पाँचौं दिन पनि हुन सकेन । वैशाख १७ गते बिपी उद्यान, रातो बङ्गलामा उद्‌घाटन भएको अधिवेशनको बन्दसत्रको दोस्रो, तेस्रो, चौथो दिन क्लासिक ब्याङ्क्वेटमा भएको थियो।

चौथो दिन उम्मेदवारी दर्ता र अध्यक्षसहित सयजना जति जिल्ला कमिटी सदस्य निर्विरोध निर्वाचित भएपनि तीनजना पदाधिकारीसहित २७ पदमा निर्वाचन गर्ने कार्यतालिका सार्वजनिक भएको थियो । आज सोही कार्यतालिका अनुसार बिहान ११ बजेदेखि बसपार्कपछाडि रहेको अनमोल पार्टी प्यालेसमा निर्वाचन हुने समय तोकिएको थियो । तर एक पक्षले निर्वाचनसम्बन्धी प्रक्रियामा त्रुटि रहेको भन्दै निर्वाचनमा अवरोध सिर्जना गरेको थियो ।

आज ११ बजे तोकिएको निर्वाचन यही विषयलाई लिएर दिनभरि विवाद भयो । दिउँसो अर्को पक्षले निर्वाचन गराउनुपर्ने भन्दै नाराबाजी गरेको थियो। अध्यक्षमण्डल र निर्वाचन अधिकृतहरूविरुद्ध नाराबाजी गर्दै अविलम्ब चुनावको माग गरेका थिए। त्यसपछि ३:३० बजे निर्वाचन प्रक्रिया शुरू गर्ने तयारी भएको थियो । त्यसमा पुनः एक पक्षले विवादको टुङ्गो नलगाएको भन्दै निर्वाचनमा अवरोध गरेको थियो ।

निर्वाचन कार्यालयमा प्रयोग हुने प्राविधिक सामानहरू तोडफोड गरिएको थियो । सोविरुद्ध अर्को पक्षले बचाउ गरेपछि दुवै पक्षबीच झडप भएको थियो। झडपसँगै सशस्त्र र जनपद प्रहरीले पार्टी प्यालेसमा विवाद सुल्झाउने प्रयास गरेको थियो । त्यसपछि दुवै पक्षबीच होहल्ला भइरह्यो तर निर्वाचन प्रक्रिया अगाडि बढ्न सकेन। निर्वाचनका लागि भनेर गाउँगाउँबाट आएका एमाले कार्यकर्ताहरू नेताहरूको आपसी विवाद र निर्वाचन कार्यालयको ढिलासुस्तीले निराश भएका थिए ।

उनीहरूले कामकाज छाडेर चार दिनदेखि चुनाव प्रक्रियामा सहभागी हुनुपरेको तर चुनाव नभएकोले आफूहरू निराश भएको बताए । एमालेजस्तो पार्टीले अनुशासनविपरीत चार दिनसम्म निर्वाचन प्रक्रिया लम्ब्याएको, एकापसमा मारपिट गरेको, निर्वाचन कार्यालयका सामान तोडफोड गरेको जस्ता कार्यले कार्यकर्ताहरू निराश देखिएका थिए ।

एमाले अधिवेशनमा ५८५ जना मतदाता छन् भने १२७ सदस्यीय जिल्ला कार्यसमिति छ । अहिले तीनजना पदाधिकारी, वीरगंज महानगर, पर्सागढी नगरपालिका र सखुवाप्रसौनी गाउँपालिकाबाहेक ११ वटा पालिकाबाट जिल्ला सदस्यहरू चयन भइसकेका छन् । एमाले पर्साको नवौं अधिवेशन १६ वर्षपछि भइरहेको हो । २०६४ पछि अधिवेशन हुन सकेको छैन र तदर्थ समितिको नाममा संयोजकहरूबाट जिल्ला कमिटी सञ्चालन हुँदै आएको छ।

## शर्मा प्रदेशसभा सदस्यबाट निलम्बित



प्रस, वीरगंज, २१ वैशाख/

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का अभिराम शर्मा मधेस प्रदेशसभा सदस्य पदबाट निलम्बित भएका छन्। वैशाख १८ गते प्रदेशसभा सदस्य शर्मालाई निलम्बन गरिएको मधेस प्रदेशसभा सचिवालयले जनाएको छ ।

महोत्तरी जिल्ला अदालतबाट सांसद शर्मालाई जन्मकैदको फैसला भएपछि उनलाई प्रदेशसभा सदस्यबाट निलम्बन गरिएको प्रदेशसभा सचिवालयका सचिव अरुणकुमार झाले बताए । शर्मालाई प्रदेशसभा कार्यसञ्चालन नियमावली २०७५ को नियम २१० को उपनियम (४) बमोजिम निलम्बन गरिएको झाले बताए। अदालतले सशस्त्र प्रहरीका प्रहरी नायब निरीक्षक थमन विकको हत्यामा शर्मालाई दोषी ठह्‍र्याउँदै जन्मकैदको फैसला सुनाएको थियो ।

## पोखरियामा सेवा केन्द्रको माग गर्दै प्रचारप्रसार कार्यक्रम




प्रस, वीरगंज, २१ वैशाख/

राष्ट्रिय मुक्ति अभियान, पोखरियाका नेजामुद्दीन समानीले पोखरियामा मालपोत, नापी, भूमिसुधार तथा जिल्ला प्रशासन कार्यालयका सेवा केन्द्र स्थापना गर्नुपर्ने मागप्रति प्रदेश तथा सङ्घीय सरकारले बेवास्ता गरेको भन्दै शुक्रवारदेखि विरोधका कार्यक्रम शुरू गरेका छन् ।

सदरमुकाम वीरगंज जिल्लाको एउटा कुनामा रहेको र सम्पूर्ण सरकारी कार्यालय वीरगंजमा रहेकाले ग्रामीण भेगका जनतालाई निकै अप्ठेरो भएको भन्दै समानीले सेवा केन्द्रहरू पोखरियामा स्थापना गर्नुपर्ने माग गर्दै आजदेखि सङ्घर्षका कार्यक्रम अन्तर्गत पहिलो दिन प्रचारप्रसारबाट सुरुआत गरेको बताए।

पर्सा जिल्लाको मध्य भागमा रहेको दोस्रो सदरमुकाम पोखरिया नगरपालिकामा सय शय्याको अस्पताल, मालपोत, नापी, भूमिसुधार तथा जिल्ला प्रशासन कार्यालयका सेवा केन्द्र हुनुपर्ने माग राख्दै विगतमा पटकपटक आन्दोलन गरे पनि हालसम्म बेवास्ता भएको भन्दै समानीले आजदेखि प्रचारप्रसार कार्यक्रम शुरू गरिएको बताए ।

उनले सङ्घ र प्रदेश सरकारले आफूहरूको मागप्रति सुनवाइ नगरे थप सङ्घर्षका कार्यक्रम गरिने चेतावनी दिए।

## वन्यजन्तुको लागि पानीको जोहो गर्दै वनकर्मी




प्रस, परवानीपुर, २१ वैशाख/

डिभिजन वन कार्यालय, पर्सामातहत सबडिभिजन वन कार्यालय सबैयाको टोलीले वन्यजन्तुको लागि पानीको जोहो गर्न थालेको छ ।

कार्यालय मातहत अहिले कटानी चलिरहेको अवस्थामा बिहान र बेलुका आफ्नो सेवा क्षेत्रका विभिन्न ठाउँमा ससाना खाल्डा खनेर त्यसमा प्लास्टिक राखेर वन्यजन्तुलाई पिउनको लागि पानीको व्यवस्था गरिएको कर्मचारीहरूले बताएका छन्। फरेस्टर पुरुषोत्तम पटेलका अनुसार गर्मी ह्वात्तै बढेको र जङ्गलमा डढेलो लाग्दा पानीको मुहान सुकेपछि वन्यजन्तुलाई खानेपानी अभाव भएको छ।

सबैयाको सेवा क्षेत्रमा पूर्वमा रामवन, दक्षिणमा जनता रोड, पश्चिममा बडनिहार, उत्तरमा फायरलाइनबीचको ३१८८ हेक्टर वन क्षेत्रका विभिन्न ठाउँमा पानीको जोहो गर्ने कार्य भइरहेको फरेस्टर पटेलले बताए। डेढ महीनायता सो क्षेत्र पर्ने भेडाहा र अर्गनिया खोलामा पनि पानी सुक्दा अहिले वन्यजन्तुलाई पानीको समस्या भएको छ। पर्साको राष्ट्रिय वनमा हात्ती, बाघ, चितुवा, बँदेल, चित्तल, हरिण, जरायो, नीलगाई (घोडगधा)लगायतका पशु र चराचुरुङ्गीहरूलाई पिउनको लागि पानीको समस्या भएको छ ।

पानी व्यवस्थापन कार्यमा सहायक वन अधिकृत रामप्रवेश प्रसाद, रेन्जर गोपाल रोकाया, वनरक्षक वीरेन्द्र यादव, ताराचन्द कुर्मी, लक्ष्मी साहलगायत खटेका छन् ।

## गहवामाई मन्दिरको रथको मण्डप चाँदीको बनाइने

विमला गुप्ता, वीरगंज, २१ वैशाख/

वीरगंज महानगरको ऐतिहासिक एवं धरोहरको रूपमा चिनिने गहवामाई मन्दिरमा रहेको रथको मण्डप चाँदीको बनाइने भएको छ ।

श्री गहवामाई रथयात्रा समितिले पत्रकार सम्मेलन गरी माताको रथको मण्डपलाई चाँदीको पत्रले ढाक्ने जनाएको छ। साथै यही असार २३ गते मन्दिरको १२औं वार्षिकोत्सवका अवसरमा बृहत् रथयात्रा निकालिने समितिका अध्यक्ष श्याम पोखरेलले बताए ।



रथको मण्डप चाँदीको पत्रले ढाक्न १५ किलो चाँदी लाग्ने समितिले जनाएको छ। जसमा अहिलेसम्म पाँच किलो चाँदी स्थानीय दाताहरूले सहयोगबापत उपलब्ध गराइसकेको अध्यक्ष पोखरेलले बताए। उनले अझै १० किलो चाँदी चाहिने भएकोले दाताहरूलाई सक्दो सहयोग गरिदिन अनुरोध गरेका छन् । सहयोग गर्न चाहने व्यक्तिले मन्दिर परिसरमा रहेको समितिको कार्यालय अथवा रथ समितिका उपाध्यक्ष देवानन्द कलवार र कोषाध्यक्ष रवि अग्रवाललाई सम्पर्क गर्न उनले बताए ।

गहवामाईको रथ निर्माणमा पछिल्लो वर्ष करीब २० लाख रुपियाँ खर्च भएको रथयात्रा निर्माण समितिका महासचिव लक्ष्मीनारायण (पप्पु) गुप्ताले बताए । उनले यसका लागि वीरगंज महानगरपालिकाले तीन लाख रुपियाँ, माईस्थान मन्दिर सञ्चालक समितिले साढे तीन लाख र बाँकी रकम स्थानीय दाताहरूले दानस्वरूप सहयोग गरेको बताए । पछिल्लो वर्ष रथ निर्माणमा करीब चार सय घनफिट काठ प्रयोग गरिएको थियो । काठ वन विभागले सरकारी मूल्यमा उपलब्ध गराएको उनले बताए। सखुवा र सिसौंको काठले तयार पारिएको रथ दुई महीनामा तयार भएको थियो। स्थानीय १० जना कारीगरले निर्माण गरेको रथमा यस वर्ष अधूरो काम पूरा गरिने महासचिव पप्पु गुप्ताले बताए। माताको मन्दिरलाई देशव्यापीरूपमा चिनाउन समितिको अहम् भूमिका रहेको छ ।

गहवामाई मन्दिरको सयौं वर्ष पुरानो इतिहास छ। गहवामाई रथयात्रा समितिले मन्दिरको पहिचान देशव्यापी बनाउन र आन्तरिकलगायत भारतीय पर्यटक भित्र्याउन केही वर्षदेखि उदाहरणीय कार्य गर्दै आएको छ। समितिले स्थानीय युवा तथा दाताहरूको सक्रियतामा पछिल्लो वर्षदेखि पहिलोपटक महाआरती र महाप्रसादको समेत आयोजना गऱ्यो भने मन्दिरकै इतिहासमा पहिलोपटक रथयात्रा निकाल्यो, जसको प्रशंसा देश तथा विदेशमा रहेका वीरगंजवासीले गरेका थिए ।

मन्दिरको दक्षिण भागमा रहेको खाली पर्खालमा पछिल्लो वर्ष स्थानीय दाताले भारतको महाराष्ट्रको पुणेबाट कलाकार बोलाइ माताको आकृतिको चित्रकला बनाए । जसको प्रशंसा पूरै नगरवासीले गरे, यसमा पनि रथयात्रा समितिको विशेष भूमिका रह्यो। अहिले मन्दिरमा आउने जो कोही भक्तजन चित्रकलासँगै फोटो लिएरै जान्छन्। यसरी मन्दिरको पहिचानले भारतमा पनि वीरगंज महानगरको नाम बढ्दै गएको छ । यस वर्ष पनि रथयात्रा समितिले मधेस प्रदेशमैं उदाहरणीय कार्य गर्ने सोच बनाउँदै रथको मण्डपलाई चाँदीको कलाकृतिले शृङ्गार गरेर नगरपरिक्रमा गराउने बताएको छ ।

गत वर्ष हजारौं श्रद्धालुको सहभागितामा गहवामाईको रथयात्रा निकालिएको थियो । गत वर्ष असार ५ गते वीरगंजवासीको आस्थाको केन्द्र मानिने गहवामाईको नवनिर्मित मन्दिरको ११औं वार्षिकोत्सवको अवसरमा पहिलोपटक रथयात्रा निकालिएपछि पर्सा, बारा, रौतहट तथा सीमापारि भारतका हजारौं श्रद्धालु रथयात्रामा एकजुट भएका थिए । देवीको रथलाई तथा फूलैफूलले दुलहीझैं सिङ्गारिएको थियो। मन्दिर पनि

(बाँकी पाँचौं पातामा)

**विचारसार र सूक्तिहरू**

**फोहर पानीले बिरुवाको हुर्काइलाई रोक्न सक्दैन । त्यसैले कसैको नकारात्मक अभिव्यक्तिले आफ्नो उन्नतिमा तगारो लाग्न नदेऊ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# आगलागी दुर्निवार नै भयो

**आगलागी हुनु संयोगको कुरा हो कि दैवी विपत्ति वा प्राकृतिक प्रकोप ? यो विषय आजको ज्वलन्त विषय बनेको छ । यसो त देशमा आगलागीको घटना सामान्य हुँदै गएको छ । फरक के भने हिजो जहाँ गाउँघरमा बढी र सार्वजनिक स्थलहरूमा थोरै हुन्थ्यो, आज गाउँघरका साथै वन–जङ्गलमा दावानल नै उठ्ने गरेको छ । हो पनि, पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको चारकोसे वन र पहाडी क्षेत्रका वन–जङ्गलमा यसपटक आगो लागेकोलाग्यै छ । आगलागीका लागि चाहिने सकल उपकरण र सामग्री अहिले जुटेको छ । गत वर्ष विश्वमैं अत्यधिक तापक्रम बढेको सन्दर्भमा नेपालको तराई भेगमा त इतिहासमैं पहिलोपटक भूमिगत पानी पनि रित्तिएको थियो । रित्तिनुको तात्पर्य पानीको सतह तल भासिएको थियो । यस वर्ष झन् त्यो विपत्ति बढी टडकारो देखिएको छ । यस वर्ष अहिलेदेखि नै चापाकलहरू सुक्न थालेका छन् । यस वर्ष पनि हिउँदे वर्षा भएन र सिद्धिंदो हिउँदमा केही पानी पऱ्यो । त्यतिले धरतीको प्यास मेटिएको छैन । यसले गर्दा एकातिर घामको प्रचण्डताले धरतीलाई दग्ध पारिरहेको छ, धरतीको धरातल स्वयं जलविहीन बन्न पुग्दा, गर्मीको प्रखरता थपिएको छ । यस्तो अवस्थामा सानो पनि फिलिङ्गोले के वन–जङ्गल र के गाउँघर सबै आक्रान्त बनेका छन् ।**

**आगलागीलाई प्राकृतिक विपत्ति वा संयोग वा दैवी प्रकोप जे मानेर हिंडे पनि हामीले एकपटक आफू र आफ्नो क्रियाकलापको सिंहावलोकन नगरी वस्तुस्थितिको न्यायिक विवेचन गर्न सकिन्न । प्राकृतिक प्रकोप किन हुन्छ ? के त्यसमा मानिसको कुनै सहभागिता छैन ? यति मात्र प्रश्नको जवाफ खोज्ने हो भने धेरै कुरा छर्लङ्ग हुन्छ । तापक्रममा वृद्धिको कारण मानव मात्र हो भन्ने कुरा अब साबित गरिरहनुपर्दैन । तापक्रम वृद्धिमा वन–जङ्गलको कटाइ, वन–जङ्गलको अपर्याप्तताले अतिवृष्टि, खण्डवृष्टि र बाढी पहिरोलाई निम्त्याइरहेको छ । मानिसले आफ्नो ऐश र सुविधाका लागि प्रकृतिसँग जति खेलवाड गर्छ, प्रकृतिको कोपको त्यही मात्रामा सामना गर्नुपर्छ भन्ने कुरा विज्ञानले पनि साबित गरि नै दिएको छ । हाम्रो उपभोक्ता संस्कृति, बढ्दो मात्रामा ठूला, अझ ठूला कलकारखाना, विश्वमा बढ्दै गएका राजमार्गहरू, हवाई उडानहरू, विभिन्न किसिमका हानिकारक रसायनहरू पनि त तापक्रम वृद्धिका कारक हुन् । गर्मी बढ्यो एसीहरूको व्यापक उपयोग हुन थाल्यो, एसीबाट निष्कासित क्लोरोफ्लोरो कार्बनका कारण तापक्रम झन् बढ्यो । आज पनि नवीकरणीय ऊर्जाले परम्परागत ऊर्जालाई विस्थापित गर्न सकेको छैन । उपरीमाथि थुपरी भनेजस्तै वातावरणलाई तहसनहस पार्ने अविरल युद्धहरूले कति विषाक्तता फैलाइरहेको छ, सोच्दा भाउन्न लाग्छ ।**

**समस्या के छ भने थाहा पाएर पनि मानिस पछि फर्कन सक्ने अवस्था छैन । न गैरनवीकरणीय ऊर्जाको विकल्प तत्काल खोज्न सक्छ, न वातावरणमा फैलिरहेको विषाक्तता हटाउने कुनै उपाय सुझिरहेको छ । मानिस यस्तो दोधारमा फसेको छ कि एकातिर यी सबबाट मुक्ति खोजिरहेको छ, अर्कोतिर यीविना अस्तित्व पनि कायम राख्न सक्दैन । विकल्प एउटै देखिएको छ, आजै अस्तित्वहीन बन्ने कि भोलि ! गर्नै नसकिने होइन, तर त्यसका लागि मानिस–मानिसबीच बन्धुत्व हुनुपर्‍यो र सबैले अहङ्कार त्यागेर माथि होइन, समानस्तरमा [redacted] ।**

# मजदूर दिवसमा शुभकामना होइन रोजगार देऊ

**स्वतन्त्र विचार**



**बैधनाथ श्रमजीवी**
baidhnath2071@gmail.com

**वैज्ञानिक महावीर पुन अमेरिकन डलर खान छोडेर नेपाल बनाउँछु, आफ्नै पौरखले आत्मनिर्भर र स्वाभिमान नेपाल बनाउँछु, भन्ने अठोटका साथ नेपाल आउँदा उनलाई आफ्नो किताब बेचेर कृषि औजार कारखाना चलाउनुपर्ने बाध्यता किन आइपऱ्यो ?**

यस वर्ष पनि हरेक वर्षझैं 'मजदूर दिवस' को अवसरमा मजदूरहरूको खिसी गर्दै भोको पेट, विस्थापित पेशा तथा बेरोजगारी हातहरूको दर्दनाक आलो घाउमा नुनचुक दल्दै शुभकामना दिने काम निर्लज्ज राजनीतिक पार्टीहरूले मात्र होइन, राजसत्ताले समेत हाँसीहाँसी हर्षोल्लासका साथ निर्वाह गरेको छ । भन्नको लागि यस वर्षको मजदूर दिवस 'मर्यादित काम, श्रमिकको सम्मान, हाम्रो अभियान' नाराका साथ धूमधामसँग मञ्चन गरियो । मजदूर आन्दोलनको सम्झनामा विश्वभर १३५ वर्ष पहिले मजदूरहरूमाथि गरिएको दमन र त्यसविरुद्ध भएको सशक्त आन्दोलनको सम्झनास्वरूप आजसम्म निरन्तर प्रत्येक वर्ष अन्तर्राष्ट्रिय श्रमिक दिवस मनाइँदै आएको छ । त्यति बेला श्रम सम्बन्धलाई व्यवस्थित गर्दै सन् १८८६ मा श्रमिकको पेशागत मर्यादा र सम्मानको प्रत्याभूति गराउन प्रत्येक मजदूरका लागि 'आठ घण्टा काम, आठ घण्टा मनोरञ्जन र आठ घण्टा आराम' को नाराले सार्थकता पाएको सम्झनामा यो दिवस मनाउन थालिएको भए पनि नेपालजस्तो देशमा मजदूरको हालत साह्रै दयनीय छ । मजदूर आन्दोलनको इतिहास हेर्दा सन् १८८६ मा अमेरिकाको शिकागोको हेय मार्केटमा एक अज्ञात व्यक्तिद्वार बम विस्फोट गराइयो । विस्फोट कसले गरायो भन्ने नखुले पनि प्रहरीले आन्दोलनरत मजदूरमाथि व्यापक दमन गऱ्यो । प्रहरीको गोली लागी सातजनाको मृत्यु भयो र अन्ततः मजदूर आन्दोलन सफल भयो ।

सन् १८८९ मा फ्रान्सको पेरिसमा सम्पन्न विश्वका श्रम सङ्गठन एवं श्रमिक नेताहरूको बैठकले विश्व श्रमिक दिवस मनाउने निर्णय गरेको हो । त्यस यता सन् १८९० देखि हरेक वर्ष अङ्ग्रेजी महीनाको मे १ तारिखमा श्रमिक दिवस मनाउन थालियो । विश्वका मजदूरहरूले सो दिवसलाई विशेष पर्वका रूपमा लिंदै गुणस्तरीय जीवन बिताउन आफ्ना सुविधामा समयानुकूल बढोत्तरी तथा अधिकारको सुनिश्चितताका लागि सरकार र रोजगारदातालाई दबाब दिने उद्देश्यले विभिन्न कार्यक्रम गरी मनाउने गरेको देखिन्छ । तर यति बेला अवस्था बदलिसकेको छ । खासगरी पूँजीवादी व्यवस्था दलाल पूँजीवादमा रूपान्तरण भइसकेपछि नेपालजस्तो देशमा मात्र नभई संसारभरि नै मजदूरहरूको अवस्था निकै दयनीय हुन पुगेको छ । किनभने यति बेला पहिलेको निजी कम्पनीहरूको प्रतिस्पर्धात्मक अवस्थालाई समाप्त गरेर बहुराष्ट्रिय कम्पनीमार्फत बढीभन्दा बढी मजदूरहरूलाई कारखाना बाहिर राख्ने, कानूनीरूपमा अधिकारविहीन बनाउने तथा मानव श्रमभन्दा विज्ञान र प्रविधिको प्रयोग बढी गर्ने अवस्थाले मजदूरहरू फेरि एकचोटी दासमा रूपान्तरित हुन पुगेका छन् ।

यद्यपि नेपालको संविधानले सम्पूर्ण नागरिकका लागि रोजगारको हक एवं श्रमको हक सुनिश्चित गर्दै प्रत्येक श्रमिकका लागि उचित पारिश्रमिक, सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षाको हक प्रत्याभूत गरेको छ । तर यी सबै कागजको पानामा मात्र सीमित रहेको छ । यथार्थको धरातलमा यति बेला उद्योग–धन्धा नै चौपट भएको छ । दलाल पूँजीवादले सुनियोजित तरीकाले नेपालको सम्पूर्ण उत्पादन बन्द गरेको छ । र यहाँको सस्तो श्रम विश्व बजारमा किनेर उपयोग गरिरहेको छ । संसदीय राजनीतिमा नेपालका तथाकथित कम्युनिस्ट नेताहरू भोट आकर्षित गर्न यतिसम्म खसेका छन् कि चुनावी भाषणमा फ्री टिकट फ्री भिसा बाँड्ने आश्वासन दिन पछि पर्दैनन् ।

नेपालमा, सबैभन्दा पहिले विराटनगरमा विसं २००७ मा मजदूर आन्दोलनसँगै यो दिवस मनाउन थालिएको हो । विसं २०४६ को राजनीतिक परिवर्तनसँगै यो दिवसमा सार्वजनिक बिदा दिन थालियो । यस वर्ष विश्व मजदुर दिवसको अवसरमा राष्ट्रपति रामचन्द्र पौडेलले मर्यादित श्रम गर्ने वातावरण निर्माण गरी आन्तरिक उत्पादन र उत्पादकत्व बढाइनुपर्ने बताए । शुभकामना सन्देश दिंदै राष्ट्रपति पौडेलले मुलुकको आर्थिक समृद्धि र आत्मनिर्भरोन्मुख अर्थतन्त्र निर्माणका लागि आन्तरिक श्रम बजार मजबूत हुनुपर्ने बताए । शुभकामना सन्देशमा– "मुलुकको आर्थिक समृद्धिका लागि उद्यमशीलताको विकासमार्फत स्वदेशी उत्पादन वृद्धि गरी स्वावलम्बी र आत्मनिर्भर अर्थतन्त्र निर्माण गर्नु अत्यावश्यक हुन्छ । उद्यमशीलताको विकास गर्न पूँजी लगानी गर्ने उद्यमी र श्रम तथा सीप लगानी गर्ने श्रमिक दुवैको योगदान उत्तिकै महत्त्वपूर्ण हुने भएकोले मर्यादित श्रमको वातावरण निर्माण गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्नुपर्दछ ।" तर उक्त शुभकामना कार्यान्वयनका लागि गर्नुपर्ने व्यावहारिक कामहरूको सन्दर्भमा कुनै प्रकारको योजना न राष्ट्रपति महोदयबाट, न सरकारबाट अहिलेसम्म संसद्मा पेश भएको छ ।

विश्व मजदूर दिवसले स्वदेशी उत्पादनको प्रयोगमा जोड दिंदै श्रमको सम्मान, स्वरोजगार, उचित पारिश्रमिक एवं सामाजिक सुरक्षालगायत श्रमिक अधिकार सुनिश्चित गर्नेतर्फ अग्रसर हुन प्रेरणा मिल्ने विश्वास पनि उनले व्यक्त गरे । यहाँनिर प्रश्न उठ्छ के शुभकामना दिंदैमा श्रमको सम्मान, स्वरोजगार, उचित पारिश्रमिक सामाजिक सुरक्षा लगायत व्यवस्थापन भइहाल्छ ?

यस सन्दर्भमा प्रधानमन्त्री पुष्पकमल दाहालले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटमा उत्पादनसँगै रोजगारलाई प्राथमिकतामा राखेर श्रमको सम्मानसहित समृद्धिको जग बसाल्न सरकार गम्भीरताका साथ लागिरहेको बताए । शुभकामना दिंदै उनले श्रमिकको हितरक्षालाई केन्द्रमा राखेर विदेशमा रहेका नेपाली, सरकारी, अर्धसरकारी र सामाजिक क्षेत्रमा क्रियाशील श्रमिकका निम्ति योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन गरिएको बताए । नेपालको संविधानमा श्रमसम्बन्धी हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले श्रमिकलाई उचित श्रम अभ्यासको हकसहित आफ्नो हितरक्षाका निमित्त ट्रेड युनियन खोल्ने, सङ्गठित हुने र सामूहिक सौदाबाजी गर्ने हक प्रत्याभूत गरिएको बताए ।

मजदूर दिवसको अवसरमा राष्ट्रपति र प्रधानमन्त्रीद्वारा प्रेषित शुभकामना सन्देश गर्व गर्ने लायकको देखिन्छ । तर यसको निहितार्थ के हो, हामी सबैलाई थाहा छ । नेपालमा प्रायः उद्योगधन्दा बन्द छन् । मजदूरहरूको बिचल्ली छ । कारखाना मालिकहरू हायर एन्ड फायरको नीति बनाएर बसेका छन् । उनीहरू चाहिएको बेला मजदूर भर्ना गर्न सक्छन्, नचाहिएको बेला बर्खास्त गर्न सक्छन् । यति मात्र होइन, नो वर्क नो पेमेन्ट अर्थात् जति अन्याय अत्याचार भए पनि आफ्नो हक अधिकारको लागि मजदरुरहरू आन्दोलन गर्नै सक्दैनन् । यस्तो खालको कानूनी प्रावधान बनाएर कसरी मजदूरको हक हित फल्नफुल्न सक्छ ? मजदूरहरू हडतालमा गएका दिनको तलब पाउँदैनन् भने आफ्नो हक–अधिकारको लागि कसरी सङ्घर्ष गर्छन् ? यस कुराको जवाफ गणतान्त्रिक सरकारले दिनुपर्दछ । विदेशी दलाल पूँजीपतिहरूको कमिशन खानको लागि आफ्नो देशको सम्पूर्ण कारखाना बन्द गर्ने वा छद्म कारखाना चलाएर मजदूरको हक हित होला भन्ने कसरी मान्न सकिन्छ ? यस अर्थमा नेपाल सरकार वा राजनीतिक पार्टीहरूले रोजगार सिर्जना नगरी, उत्पादनका साधनहरू सञ्चालन नगरी प्रत्येक वर्ष मे १ मा छुट्टी दिनु र मे दिवसको शुभकामना प्रेषित गर्नु मजदूरहरूको आलो घाउमा नुनचुक दल्नुबाहेक के होला ?

हामी सबैले जानेकै कुरा हो । प्रत्येक दिन विदेशबाट रातो बाकसमा मजदूरहरूको लाश नेपाली भूमिमा फर्कने गर्छ । यी लाशहरू बेरोजगारबाट बच्न, घरपरिवार चलाउन विदेशिएका थिए । तर सपना सपनै रह्यो, विपना बन्न नपाउँदै लाशमा परिणत हुन्छन् । यसर्थ शुभकामना वक्तव्यले मात्रै मे दिवसको औचित्य साबित हुँदैन । अबको समयमा आफ्नै देशभित्र मजदूरहरूले रोजगार पाउने, स्वदेशी उत्पादनले बजार पाउने, विदेशी मालसामान आयात नगर्ने, कमभन्दा कम आयात गर्ने तथा स्वदेशी उत्पादन विदेश निर्यात गर्ने नीतिहरूलाई बढावा नदिएसम्म कसरी मुलुक आत्मनिर्भरताको बाटोमा अगाडि बढ्न सक्छ ? यसको अभावमा न नेपालको विकास सम्भव छ, न जनताको समृद्धि नै ।

सही अर्थमा नेपाल र नेपाली जनताको विकास र समृद्धि चाहिएको हो भने यथाशीघ्र सम्पूर्ण नेपालीलाई आत्मनिर्भर बनाउने आर्थिक योजना, देशभित्र उत्पादन बढाउने योजना र आवधिक योजना निर्माण गर्न जरूरी छ । यो कुरा सरोकारवालाले नबुझेको वा नजानेको होइन तर उनीहरू कार्यान्वयन गर्न सक्दैनन् किनभने उनीहरू पूँजीवादका एक नम्बर वफादार दलाल हुन् । उनलाई जसरी पनि कमिशन चाहिन्छ । देशको उत्पादन बन्द गरेर विदेशी मालसामान आयात गर्दा पाइने कमिशनमा उनको ज्यानप्राण अड्केको छ । संसदीय निर्वाचनको सम्पूर्ण मिसन नै कमिशनमुखी रहेको देखिन्छ यसर्थ यस्तो अवस्था कायम रहेसम्म मे १ अर्थात् मजदूर दिवसको कुनै अर्थ रहँदैन । होइन भने यस्तो बेला गाउँगाउँमा सहकारीहरू फस्टाउनुपर्नेमा झन् उल्टो भएको छ । सञ्चालकहरू सहकारीको पैसा लिएर भाग्ने तथा सरकारी कलकारखानाहरू निजीकरण गर्ने सरकारी निर्णय अझसम्म कायम रहने जस्ता नीतिले कसरी यो देश आत्मनिर्भर बन्छ त ?

वैज्ञानिक महावीर पुन अमेरिकन डलर खान छोडेर नेपाल बनाउँछु, आफ्नै पौरखले आत्मनिर्भर र स्वाभिमान नेपाल बनाउँछु, भन्ने अठोटका साथ नेपाल आउँदा उनलाई आफ्नो किताब बेचेर कृषि औजार कारखाना चलाउनुपर्ने बाध्यता किन आइपऱ्यो ? करोडौं रुपियाँ कमिशनको चक्करमा कतै बाख्रापालन, कतै कोरोनामा मास्क खरीद, कतै वाइडबडी, कतै ललिता निवासको जग्गा झ्वाम पार्नेहरूले चिनी कारखाना, कपडा कारखाना, चुरोट कारखानाजस्ता तमाम कारखाना पुनः सञ्चालन गर्न किन जोडबल गरिरहेका छैनन् ? यसबाट सरकार कति विकासमुखी छ भन्ने कुरा प्रस्ट हुँदैन र ?

हामीले के बुझ्न जरूरी छ भने जसरी हात्तीको देखाउने दाँत एउटा र खाने दाँत अर्कै हुन्छ, ठीक त्यसैगरी हाम्रा नेताहरू र सरकार जे भाषण गर्छन् ती देखावटी मात्र हुन्, व्यवहार त्यस्तो छैन किनभने न उनीहरू देशभक्त देखिएका छन् न जनताप्रेमी । कहिले भारतलाई कम्फर्टेबल हुनेगरी सरकार बनाउँछन्, कहिले चीनलाई कम्फर्टेबल हुनेगरी । नेपाली जनताले दिएको म्यान्डेट उनीहरू कहिले सम्झदैंनन् । कहिले जनतालाई शिरोधार्य गर्दैनन् । जहिले पनि दलाल पूँजीपतिहरूको पाइताला चाट्ने र त्यसैमा रमाउने सरकारबाट शुभकामनाको पोको र झूटो आश्वासनको बाढीबाहेक अरू के पो आस गर्न सकिन्छ र ?

# वायु प्रदूषण बढेकोले सावधानी अपनाउन अपील

काठमाडौं, २१ वैशाख/रासस

वन तथा वातावरण मन्त्रालय अन्तर्गतको वातावरण विभागले डढेलो तथा आगलागीका घटनाहरू बढेसँगै केही दिनयता वायु प्रदूषणाका कारण जनस्वास्थ्यमा असर परेको देखिएकाले त्यसबाट जोगिन अपील गरेको छ ।

वायु प्रदूषणका कारण आँखा पोल्ने, नाक चिलाउने, घाँटी खसखसाउने, खोकी लाग्ने समस्या तुरुन्त देखिने गर्छन् भने दीर्घकालीनरूपमा श्वासप्रश्वास, मुटु, गर्भावस्थामा जटिलतालगायतका विभिन्न स्वास्थ्य समस्या हुने गर्छन् ।

यसले विशेषगरी वृद्धवृद्धा, बालबालिका, श्वासप्रश्वास, मुटुरोगी, दीर्घरोगी, साथै गर्भावस्थाका महिला बढी प्रभावित हुने भएकोले यस्तो बेला विशेष सावधानी अपनाउन विभागले सबैमा अपील गरेको हो ।

नेपालमा फागुन, चैत, वैशाख र जेठ महीनामा वायु प्रदूषण बढ्ने गरेको वातावरण विभागको वायु गुणस्तर मापन केन्द्रबाट प्राप्त तथ्याङ्कले देखाएको छ । यस अवधिमा विशेषगरी बढ्दो तापमान, कम सापेक्षित आद्रता र सुक्खा मौसमजस्ता प्राकृतिक कारणबाट हुने डढेलो, मानवीय कारणजस्तै फोहर तथा कृषि अवशेष जलाउँदा तथा उद्योग कलकारखाना, सवारीसाधन, भौतिक निर्माण आदिबाट निस्कने प्रदूषित धूवाँ धूलोबाट वायु प्रदूषण हुने गरेको पाइएको छ ।

हाल देशका अधिकांश भूभागमा डढेलो तथा आगलागीका घटना बढिरहेको तथा डढेलोको कारणले जनधनको क्षतिका विवरण प्राप्त भइरहेका विभागले जनाएको छ ।

भूउपग्रहको तथ्याङ्क विश्लेषणबाट प्राप्त विवरणबमोजिम सन् २०२४ को सुरुआतदेखि हालसम्म एक हजार ६५३ डढेलो तथा आगलागीका घटना भएको देखिन्छ । पछिल्लो दिनमा डढेलो तथा आगलागीका घटना बढेसँगै नेपालका अधिकांश भूभागमा वायु प्रदूषण बढेको पाइएको छ ।

प्रदूषण बढी भएका स्थानमा घरबाहिर निस्कँदा सबै नागरिकले अनिवार्यरूपमा मास्कको प्रयोग गर्न तथा वायु प्रदूषण बढाउने किसिमका क्रियाकलापजस्तै फोहर बाल्ने, कृषिजन्य अवशेष बाल्नेलगायतका क्रियाकलाप नगर्न सचेत पारिएको छ । सानो लापरवाहीका कारण वन डढेलोले ठूलो क्षति पुऱ्याउन सक्ने भएकाले सचेत हुन विभागले अपील गरेको छ ।

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४८

# वाटिका

२०८१ वैशाख २२ गते शनिवार | प्रतीक | 2024 May 04 Saturday



## धरतीमा सिमरौनगढको सम्पत्ति


स्वान्त सुखायः



सञ्जय मित्र

mitrasanjay41@gmail.com


सन् १०९७ मा नान्यदेवले स्थापना गरेको भनिएको र सन् १३२४ मा गयासुद्दीन तुगलकले विध्वंश गरेको मानिएको सिमरौनगढको इतिहासबारे धेरै कुरा अज्ञात नै रहेको छ। धरतीभित्रबाट हरेक वर्ष कुनै न कुनै पुराना मूर्ति फेला पर्ने काम भइरहेको छ। यहाँको धरतीमा के के छ र कहाँ कहाँ छ भन्ने कुरा सामान्यतया कसैले भन्न सक्ने अवस्था छैन।

अहिले सिमरौनगढ बजारको क्षेत्र जत्रो छ, त्यसभन्दा निकै विशाल राजधानी सिमरौनगढको क्षेत्रफल हुनुपर्छ। नान्यदेवले राजधानी बनाउनुभन्दा पहिले पनि सिमरौनगढको अस्तित्व कुनै न कुनै किसिमले रहेको हुनुपर्छ। आखिर किन सिमरौनगढ नै राजधानी बनाउनका लागि नान्यदेवको रोजाइमा पऱ्यो ? नान्यदेव कर्नाटकबाट आएर बसेको सिमरौनगढमा त होइन ? उनी केही वर्ष नान्यपुरीमा बसेका थिए। उनी बसेको ठाउँको नाम नै नान्यपुरी रहन गएको थियो। नान्यपुरी अहिले भारत बिहारको सीतामढी जिल्लामा पर्दछ। आफ्नै नाउँमा बसेको बस्ती छाडेर सिमराँवलाई राजधानी बनाउनुका पछाडि केही सामरिक कारण हुनुपर्छ। यस विषयमा पनि अनुसन्धान हुनुपर्ने हो।

मध्यकालमा सिमरौनगढ कति सम्पन्न भइसकेको थियो ? सिमरौनगढको सम्पन्नता कस्तो किसिमको थियो ? बजार क्षेत्र र आसपासका जमीन पोखरी खन्दा, उत्खनन गर्दा अझै पनि सम्पन्नताका प्रतीकहरू बरामद भइरहन्छन्। सिमरौनगढ र आसपासमा देखिने तथा भेटिने धार्मिक अवशेषहरूले तत्कालीन मध्ययुगीन समाजको धार्मिक सम्पन्नताको द्योतक त थियो नै, साथै तद्युगीन कला र संस्कृतिको पनि प्रदर्शन गर्दछ। साथै, कतै आध्यात्मिक चिन्तन, जता मानिसको ध्यान जान सकेको छैन, मा पनि यो क्षेत्र निकै महत्त्वपूर्ण थियो कि ?

जे जस्ता मूर्तिहरू धरणीको गर्भबाट प्रकाशवान भइरहेका छन्, ती सामान्य छैनन्। कठिन परिश्रमपूर्वक बनाइएका मूर्तिहरू हुन्। मूर्तिहरू कलात्मकताको दृष्टिकोणले अमूल्य त छन् नै, काल्पनिकता र आध्यात्मिकताको दृष्टिकोणले समेत अद्वितीय देखिन्छन्। जुन बेला यहाँका प्राचीन कहलिएका, सम्भवतः मध्यकालीन मूर्तिहरू निर्माण भएका होलान्, त्यस समयको समाजको आस्था पनि बोलेको हुनुपर्छ। मूर्तिहरू आस्थाका पनि प्रतीक हुन्। अहिले पनि हाम्रो समाजमा आस्थाको एउटा प्रतीकको रूपमा मूर्ति स्थापित छ। अल्पकालको लागि फोटो पनि आस्थाको प्रतीक बन्दछ। कुन मानिसको धार्मिक आस्था कस्तो छ, सामान्यरूपमा घरमा, तिनका पूजा कोठामा वा अन्यत्र पनि राखिएका फोटा वा मूर्तिले पनि आस्था प्रकट गरेका हुन्छन्। आस्थाको प्रतिविम्ब र प्रतिनिधित्व मूर्तिले मात्र गरेको हुन्छ भन्ने होइन तर तत्कालीन मानिसको कला, आस्था तथा आध्यात्मिक पक्षबारे



सिमरौनगढमा बुधवार भेटिएको विष्णुको मूर्ति।

जानकारी लिन भने सहयोग पुऱ्याउँछ। आज विभिन्न देशमा प्राचीन मूर्ति तथा मन्दिरहरूबाट तद्युगीन आस्थाको विश्लेषण र सामाजिकताको प्रभावबारे विश्लेषण गरिन्छ। यसर्थ यस्ता धरोहरहरूलाई पछिको पुस्ताका लागि पनि सुरक्षित राख्नुपरेको छ।

साँच्चीकै सिमरौनगढको जुन ऐतिहासिक परिचय समाजमा जानुपर्ने हो, त्यो अझै स्थापित हुन सकेको छैन। एउटा कुरा चाहिं स्पष्ट छ कि यहाँबाट राज्य सञ्चालन हुने गर्दथ्यो। यसमा विभिन्न आधारहरू पाइन्छन् तर पुरातात्त्विक सम्पदाहरूबारे धेरै अनुसन्धान हुनुपर्ने हो, जुन अझै हुन सकेको छैन। खेत जोत्दा, खन्दा वा पोखरी खन्दा पनि इतिहास भेटिन्छ र ऐतिहासिक सामग्रीहरू भेटिन्छन्। कहाँ कस्तो र कहिलदेखि सामग्रीहरू रहेका छन्, कसैले बुझ्न सकेको छैन। सुनिन्छ, जमीनभित्र निश्चित दूरीसम्म एक्सरे गर्ने अर्थात् फोटो खिच्ने उपकरणहरूको विकास भइसकेको छ। यस्ता उपकरणहरूको प्रयोग गरेर यस क्षेत्रका धरतीको एक्सरे गर्दा राम्रो हुने थियो। एक्सरेले कुन ठाउँ उत्खनन गर्नुपर्नेछ वा कुन ठाउँमा ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक वा धार्मिक सम्पदाहरू रहेका छन्, भन्ने कुरा थाहा हुन पाउँछ। केही समयको अन्तरालमा जसरी धार्मिक महत्त्वका सामग्रीहरू भेटिएका छन्, भेटिँदै आएका छन्, तीबारे पहिले सर्वसाधारणलाई जानकारी नै नभएको भनिँदै आएको छ। मूर्तिहरू फेला पर्दा स्थानीयमा एक किसिमले उत्साह त भइरहन्छ नै साथै तद्युगीन आस्थासित वर्तमानको आस्था पनि जोडिन पुगिरहेको छ।

सिमरौनगढको धरतीमा अझै पनि धेरै ऐतिहासिक तथा पुरातात्त्विक सम्पदा हुन सक्ने अनुमान लगाइँदै छ। वर्तमानकै आधारमा अनुमानहरू लगाइँदै छ। यस प्रकारका अनुमानहरू निराधार वा पुष्टि हुन सक्ने नै छन् भन्न मिल्दैन। इतिहासप्रति सिमरौनगढ उदासीन भने होइन तर जति जागरुक हुनुपर्ने हो, त्यो मात्रामा हुन सकेको भने अवश्य नै हो। नेपाल सरकारको पुरातत्त्व विभागले चासो लिएको छ, पुनर्निर्माणमा ध्यान दिएको पनि छ तर स्थानीय सरकार भने अझै जागरुक हुनुपर्ने देखिन्छ। स्थानीय सरकार जति धेरै जागरुक हुन्छ, सिमरौनगढ त्यत्तिकै ऐतिहासिक, पुरातात्त्विक तथा धार्मिक आकर्षणको केन्द्र बन्न सक्छ। स्थानीय सरकार र स्थानीयवासीको आयको स्रोत बढ्ने तथा ऐतिहासिक र धार्मिक पर्यटनको आधार बन्न सक्ने सम्भावना रहेको छ। फेरि पनि आफ्नो इतिहासको संरक्षण र ऐतिहासिक तथा पुरातात्त्विक सम्पदाको प्रचारप्रसार गर्न केही समय लगानी गर्नुपर्छ, केही अर्थ लगानी गर्नुपर्छ र केही श्रम पनि लगानी गर्न सक्नुपर्छ। आम्दानी गर्न चाहनेले लगानी नगरी हुँदैन।

सिमरौनगढ परिचित नाम हो। यो यहाँका बासिन्दाका लागि मात्र नभएर यस प्रदेशकै लागि एउटा गौरवको भूमि हो। यस गौरवको गरिमा अझ वर्तमानले बढाउनुपर्छ। सिमरौनगढमा भेटिँदै गरेका पुरातात्त्विक सम्पदाहरूको संरक्षण र पुनर्स्थापित हुन नसकेसम्म कम्तीमा एउटा सङ्ग्रहालयको व्यवस्थापन गर्न सकियो भने देश र विदेशबाट यस प्रकारका पर्यटकहरू आउने सम्भावना बलियो हुन्छ। वर्तमान सिमरौनगढले भविष्यको लागि इतिहासको संरक्षण गर्नुपरेको छ। अहिलेदेखि नै सिमरौनगढ अत्यन्त सजग र सचेत हुनुपरेको छ।



**मल्लिकार्जुन राष्ट्रिय धामः** दार्चुला जिल्लाको मालिकार्जुन गाउँपालिका–३ मा अवस्थित प्रसिद्ध धार्मिकस्थल शैल्य मल्लिकार्जुनम् द्वादश ज्योतिर्लिङ्ग अर्थात् मल्लिकार्जुन राष्ट्रिय धाम। तस्विरः रत्न श्रेष्ठ/रासस

## मधेसी सभ्यताको अद्भुत परम्परा "भातवान"


सरोकार



राजेश मिश्र

rajesh560107@gmail.com


**परम्परागत "भातवान"**

निम्तो दिने व्यक्ति : बबुवा हो, आज भातवान ह। सपरिवार भोज खाए आइह लोगन। मिलजुल के करेधरे के बा।

निम्तो पाउने व्यक्ति : हँ भैया, हमरा पता बा। ओहिसे आज हम खेत में काम करे ना गइनी ह।

उपरोक्त पारम्परिक संवादभित्र स्नेहपूर्ण सम्बन्ध ठम्याउन सकिन्छ। किनभने निम्तो दिने र पाउने दुवैजनाको मनोभाव उत्सुकतापूर्ण छ। निम्तो दिने परिवारप्रति निम्तो पाउने व्यक्तिको समर्पित भाव महसूस गर्न कठिन छैन।

**आधुनिक भातवान**

निम्तो दिने व्यक्ति : बबुवा हो, आज भातवान ह। साँझ के घरभर के लोग खाए आ जइह लोगन।

निम्तो पाउने व्यक्ति : देखना हमरा परिवार (पत्नी) के तबियते खराब बा। जातानी अस्पताल। प्रयास करेम आवेके।

उपरोक्त आधुनिक संवादमा वर्तमान पुऱ्याउने मानसिकता बढ्दो छ। अहिलेको माहोल हेर्दा भोजभतेरको निम्तो दिने र पाउने अवस्था उहिलेजस्तो रहेन।

लोकजीवन र लोकपरम्परा एक अर्काका समपूरक हुन्। लोकपरम्परा मानव सभ्यताको भलोको निम्ति स्थापित भएका छन् भन्ने कुरा स्वयं बोध गर्न सकिन्छ। मानव जीवनबाट लोकपरम्परा झिकिदिने हो भने जनजीवन कस्तो हुन्छ ? अवश्य पनि अधूरो र अपूरो लाग्छ। पृथ्वीको गोलार्धभित्र समाज र स्थान अनुसार पृथक–पृथक लोकपरम्परा चलन थियो। 'पराल/नियारी' को बिठई (बस्ने साधन) मा बसेर खाने अवस्था अहिले केवल स्मरणमा जीवित छ। भोजभतेरमा रामगिलास (माटोको गिलास) प्रयोग गरिन्थ्यो। दाल, भात घ्यू, तरकारी र दही खुवाइन्थ्यो। सबैभन्दा अमूल्य कुरा भने श्रद्धापूर्वक खाने और खुवाउने चलन थियो। भोजमा प्रयोग हुने ठूलो अकारको भाँडोलाई भोजपुरीमा 'झाँगा/हाँडा' भनिन्थ्यो। बाँसको दौरामा भात छानेर सिमसिम मरदानी खटियामा बिछाएर भात राखिन्थ्यो। ईंट र माटोले बनेको चुलोमा पकवान पकाइन्थ्यो। टोल छिमेकका मानिस एकजुट भएर सहयोग गर्दथे।

त्यसबेला कमाउने एकजना र खाने दर्जनौं हुन्थे। अपवादबाहेक खेती किसानीको भरमा परिवारको प्रतिपालन हुन्थ्यो। भोजभात श्रद्धा व्यक्त गर्ने माध्यम पनि थियो। यद्यपि बदलिंदो परिवेशमा समाजमा खासगरी धन, सम्पत्ति, पैसाको



तस्वीरः एजेन्सी

माहोल झल्किरहेको छ। अपवादबाहेक आजको परिवेशमा अपनत्वमाथि मनगढन्त समस्या हाबी छ। यो आजको वास्तविकता हो।

'भातवान' मधेसी लोकजीवनको अर्थपूर्ण र महत्त्वपूर्ण लोक परम्परा हो। भातवानमा केवल रक्तसम्बन्ध भएका भातृत्व परिवार सामेल हुन पाउँछन्। मधेसी समाजमा रक्त–सम्बन्ध भएकालाई 'पट्टीदार' सम्बोधन गरिन्छ। माङ्गलिक होस् वा अमाङ्गलिक, कार्यक्रमको अन्तिम दिन पट्टीदारलाई भोज खुवाउनैपर्ने चलन छ। माङ्गलिक, अमाङ्गलिक वा धार्मिक आदि जस्तोसुकै कार्यक्रम/भोजको अन्तिम दिन भातवान (भोज) हुन्छ। यो नितान्त पारिवारिक भोज हो। धन सम्पत्तिको अंशबण्डा भए तापनि रक्तको सम्बन्धमा बण्डा गर्न सकिंदैन। समय क्रममा परिवार जति खण्डमा विभाजन भए तापनि रक्तको सम्बन्धलाई विभाजन गर्न सकिंदैन। सनातन संस्कृतिमा रक्तको सम्बन्ध छुटयाउने उपमक्रमहरू छन्। त्यो हो जात, गोत्र र पुर आदि।

वर्तमान अवस्थामा भातवानको मूल मर्म, बहुभोज/प्रीतिभोजजस्ता आधुनिक प्रचलन हाबी हुँदै जाँदा विलुप्त हुने अवस्थामा छ। उहिले पाँच/सात पुस्ता एकासगोलमैं बस्ने परम्परा थियो। भोजभतेरको उतरार्धमा भातवानको चलन किन चलाइयो ? किनभने उहिले कार्यक्रमको जिम्मेवारी एक परिवार वा काँधमा सिमित थिएन। पटीदारको सहयोगमा सम्पन्न हुन्थ्यो। त्यस कारण भोजभतेरको अन्तिम दिन एकसाथ बसेर सौहार्दपूर्ण वातावरणमा भोज खाएपछि मानसिक र शारीरिक थकान मेटिन्थ्यो। भातवान कार्यक्रमबाट फुर्सद पाएको अनुभूति गराउने उपक्रम हो।

पैतृक सम्पतिको अंशबण्डासँगै एकअर्काप्रति बेइमानी र ईर्ष्या अङ्कुरित हुने क्रम बढ्दो छ। आन्तरिक कलहले अद्भुत लोक परम्परामा पनि रीत अस्तित्वमा छन्।

पटीदारबीच कुनै कारणले परस्पर द्वेष सृजना भए भोजभतेरको बेला सामेल नभएर, प्रकट गर्ने मानसिकता छ। जसरी पनि सहभागी गराउनुपर्ने संस्कार र बाध्यता अहिले अपवादबाहेक छैन। अर्को शब्दमा भन्ने हो भने भातवान परिवारमा अपनत्व बढाउने उपक्रम हो। यद्यपि वर्तमान समयमा एकअर्काप्रति बढ्दो तिक्तताका कारण पुरातन परम्परा क्रमभङ्ग हुने खतरा उच्च छ।

भातवान भन्नाले भातको भोज हो। यसको अर्थ भातवानमा केवल भात मात्र पस्किइन्छ भन्ने होइन। भातसँगै सहायक भोज्य पदार्थ दाल, तरकारी, अचार, पापड, तिलौरी, पकौडा, दही र घ्यू आदि अनेकथरी हुन सक्छ। तर सहायक भोज्य पदार्थ आआफ्नो आर्थिक क्षमता अनुसार व्यवस्था गरिन्थ्यो। यद्यपि भात चाहिं भातवानको अनिवार्य र प्रमुख भोज्य पदार्थ हो।

**पुरातन भोज**

ग्रामीण क्षेत्रमा कुनै पनि समारोहमा दुई प्रकारको भोज हुन्थ्यो, पक्की र कच्ची। पक्की भोज भन्नाले खीर, पुडी, तरकारी, जलेबी, बुनिया र दही। त्यसैगरी कच्ची भोज भन्नाले भातजन्य भोज। भातवानमा सामेल हुने अधिकार सबैको हुँदैन। रक्तको सम्बन्ध भएका मानिसहरूबीच जातभातको सम्बन्ध भनिन्छ।

पुरातनकालमा ग्रामीण क्षेत्रमा प्रायःजसो खाने संसाधन ज्वार, बाजरा र मकै थियो। उहिले मकै र चनाको खेतीपाती बढी हुन्थ्यो। धान र गहुँको खेती न्यून हुन्थ्यो। त्यस कारण धान नदारद खाद्यान्नमा गनिन्थ्यो। यस्तो अवस्थामा वैवाहिक समारोह वा विशेष अवसरमा भात खान पाइन्थ्यो।

पुरयिन (कमलको पात) र मोगलान (जङ्गली पात) को पातमा भोज खाने समय अहिले चलिरहेको छ। तर न भोजभात, न परम्परा, न त्यो श्रद्धा छ अहिले। कहींकतै पुरानो परम्परा यदि छ भने टर्च बालेर खोज्नुपर्छ। लाल्टेन, मिन्टर र पेट्रोमैक्सको उज्यालोसँगै भुइँमा लामो पङ्क्तिमा बसेर खाने त्यो क्षण अब केवल स्मरण गर्न सकिन्छ।

उहिले गाउँमा न टेन्ट हाउस थियो न कैटरिङ। थियो त मात्र, सामाजिकता। गाउँमा कसैको घरमा विवाह आदि कार्यक्रम हुँदा घरघरबाट कुर्सी, बेन्च, त्रिपाल, थाल, लोटा, गिलास, चुलेसी, करछुल, कराही आदि निस्वार्थ भावले आदानप्रदान गर्ने चलन थियो। महिलाहरूले गर्ने काम महिलाले र पुरुषहरूले गर्ने काम पुरुषले गर्थे। त्यसमा लेश मात्र स्वार्थ हुन्थेन। एकअर्काको घरमा सहयोग गर्ने नैतिकता समाजमा भरपूर थियो।

गाउँमा कसैको घरमा जन्ती आउँदा एक व्यक्ति, घर वा परिवारको नभई गाउँको इज्जत मानिन्थ्यो। त्यस कारण गाउँभरिका मानिस सहयोग गर्न एकजुट हुन्थे। जन्तीले खाना नखाएसम्म गाउँका मानिसहरू खान्थेनन्। किनभने खाना कम भयो भने गाउँको इज्जतको सवाल मानिन्थ्यो। साँच्चै भन्ने हो भने त्यो समय सामाजिकतासँगै समरसताले भरिपूर्ण समय थियो।

बिदाईको समय नगद नारायण एक–दुई रुपियाँदेखि पाँच–दशको नोट कतैकतै २० रुपियाँसम्म दिइन्थ्यो। हुनत लालाबालाहरूले विवाहमा प्राप्त गरेको नगद नारायण माताजीहरूद्वारा 'चारआना' (पच्चीस पैसा) आठआना (पचास पैसा) ले साटिदिने अवस्था वास्तवमा अत्यन्तै रोचक थियो। हालको पुस्ता त्यो परिवेशबाट वञ्चित भइसकेको छ। मधेसी सभ्यताको अद्भुत परम्परा भातवान अहिले अपवादबाहेक रिसराग र द्वेषमा परिणत हुन थालेको दुःखद अवस्था छ।

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



हरिकृष्ण बराल
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

मुक्ति र परमात्माको उपलब्धि दुवै शब्दको अर्थमा समानता छ । ज्ञानीले मुक्ति माग्छ तर भक्तले प्रभुलाई नै माग्छ। यसरी बुझ्दा राम्रो होला। बाहिरी जगत्मा कुनै व्यक्तिले होस्, समाजले होस्, कुनै परिस्थितिले होस्, मानिसलाई बन्धनमा पार्न सक्छ । समाजको अर्थ–व्यवस्था तथा दरिद्रताको कारण पनि मानिस परतन्त्रतामा बाँधिन सक्छ । परिस्थितिजन्य बन्धनलाई बाहिरबाट बदल्न सकिन्छ। जस्तो चीनको सरकार साम्यवादी भएको कारणले आर्थिक गुलामी समाप्त भयो । सबै मानिस समानरूपले सम्पन्न भए ।

आत्मिक जन्जीरबाट अरूले मुक्त गराउन सक्दैन । हामीभित्र जुन आत्मा छ, त्यहाँ अरूको प्रवेश हुन सक्दैन । भित्र केवल म मात्र छु। मभित्र जब म डुबुल्की लगाउँछु, यो कुरा म स्वयंको चेतनाबाहेक अरू कसैलाई थाहा हुँदैन । यहाँ मलाई अरूले बन्धनमा राख्न सक्दैन। यहाँ म आफैंलाई आफैंले गुलाम बनाइराखेको हुन्छु। अनजानमा भनौं वा बेहोशीमा भनौं मैंले आफूलाई आफैंले जन्जीरले बाँधिरहेको हुन्छु । भित्रबाट मुक्ति भन्नाले अहङ्कारबाट मुक्त हुनु हो।

मानिसको जन्म नै दासतामा हुन्छ। हामी जन्मँदै सूक्ष्म बन्धनले बाँधिएर जन्मन्छौं । यो परतन्त्रता जन्मजात हो, यो परतन्त्रता प्रकृतिप्रदत्त हो । यसलाई मानिसले आर्जन गर्नुपर्दैन। तर स्वतन्त्रता भने हामीले आर्जन गर्नुपर्छ । जीवनमा श्रेष्ठता भन्ने कुरा विनामूल्य पाइँदैन । यसको लागि हामीले मूल्य चुकाउनुपर्छ, श्रम तथा सङ्घर्ष गर्नुपर्छ । प्रकृतिबाट परतन्त्रता पाउनु दुर्भाग्य होइन, तर स्वतन्त्रता प्राप्त नगरी मर्नु चाहिं दुर्भाग्य हो । वासनाहरूको कैदमा जो बन्द छ, जसको विवेकले मुक्त आकाश जानेको छैन, उसले जीवन त पायो तर जीवनलाई जान्न सकेन ।

पिंजडामा बन्द भएको पक्षी र वासनाको कैदमा परेको आत्मामा केही फरक छैन। विवेक जब वासनाबाट मुक्त हुन्छ, तब मात्र वास्तविक जीवन जगत्मा प्रवेश हुन्छ। परमात्मालाई जान्नको लागि पहिले आफैंलाई बन्धनबाट मुक्त गर्नुपर्छ। स्वयंलाई जसले बन्धनबाट मुक्त गर्न सक्दैन, उसले परमात्मालाई प्राप्त गर्न सक्दैन ।

प्रकृतिले हामीलाई जस्तो पैदा गरेको छ, पैदा हुँदै धेरैथरीका नकारात्मक कुराहरू जोडिएका हुन्छन्। तर यसो हुनु कुनै पापको सजाय हैन, यो पूर्वजन्मको कर्मको सजाय पनि होइन। यो दुर्भाग्यको कुरा पनि होइन, यो हाम्रोलागि चुनौती हो। अगाडि ढुङ्गा छ, नदीलाई बग्नुछ। नदीलाई लाग्दो हो कि प्रकृतिले किन मेरो अवरोध गरिरहेको छ ? तर नदी आफ्नो बाटो खोजेर अगाडि बढ्छ । केही काल बितेपछि हामी हेर्छौं त त्यो ढुङ्गा बालुवाको थुप्रोमा परिणत भइसकेको हुनेछ । हामीलाई पानी कोमल र चट्टान मजबूतजस्तो लाग्छ। तर अन्ततः हामीले ठोस चट्टान पनि घोटिंदा–घोटिंदा बालुवामा परिणत भएको र पानीको जीत भएको पाउँछौं ।

ठीक यसैगरी हामीभित्र पनि प्रभुको संरचनामा धेरै बाधा तथा अवरोध छन्। यिनलाई बाधाभन्दा पनि चुनौती भन्यो भने ठीक होला। किनकि यिनीहरू हाम्रो लागि विकासका अवसर हुन्। हामीहरूले सही तथा सार्थक प्रयास गर्‍यौं भने यसबाट पार पाउन सक्छौं। अस्तित्वले हामीलाई अहङ्कार दिएको छ, यसको साथमा उसले हामीलाइ षट्रिपुहरू पनि दिएको छ। हामीहरू धेरै प्रकारका जन्जीरमा बाँधिएका छौं । यसबाट कसरी पार पाउने ? यो हाम्रोलागि चुनौती हो।

हाम्रो शारीरिक विकास जति हुनु थियो, त्यो भइसक्यो । अब हामीलाई अरू शारीरिक विकासको जरूरत छैन। अब हामीलाई सूक्ष्मस्तरको विकासको जरूरत छ, मानसिक विकासको जरूरत छ, हार्दिक विकासको जरूरत छ, विवेक, प्रज्ञा तथा बुद्धिमत्ताको विकासको जरूरत छ । अन्ततः हामीभित्रको चैतन्यताको, ध्यानको, होशको विकास होस्। जसले गर्दा हामी 'म' भावबाट मुक्त हुन सकौं, हामी आन्तरिकरूपले स्वतन्त्र हुन सकौं।

क्रमशः

# फूड प्वायजनिङ वा खाद्य विषाक्तता



स्वास्थ्य चर्चा
डा शिवशङ्कर यादव
shivshankaryadav3398@gmail.com

फूड प्वायजनिङको मतलब हुन्छ, यस्तो प्रदूषि खाना वा पेय पदार्थ, जसमा ब्याक्टेरिया, ब्याक्टेरियाले छोडेको विष, भाइरस, इनअर्गेनिक रसायन वा विषालु बिरुवा तथा जनावरबाट प्राप्त विष हुन्छ; जसको पहिचान व्यक्ति वा समूह नै प्रायः एकै समय ग्रसित भई सबैमा समान लक्षण देखा पर्दा गरिन्छ ।

हामीले सुनेका छौं, फलानोको बिहे भोजको खाद्य पदार्थमा माउसुली खसेको थियो, जसलाई खाँदा पूरै जन्ती बिरामी पर्‍यो। फलानो मन्दिरको प्रसाद खाएपछि सबै दर्शनार्थी बिरामी भए । एकजना प्रसिद्ध नेताका भाइ एउटा मेलामा चढाएको खसीको मासु खाएपछि विषाक्तताले ज्यान गुमाएको सम्झना छ। हामी प्रायः सुन्छौं कि जङ्गली च्याउ खाँदा परिवारका सबै सदस्य मरे, जबकि च्याउभन्दा बढी पोषक अरू तरकारीमा हुँदैन । विषालु च्याउ र खाने च्याउ बेग्लाबेग्लै हुन्छ, जसलाई चिनेर खानुपर्छ। विषालु च्याउले ज्याने लिन्छ। जापानमा पफरफिस हुन्छ, जसलाई छुँदा पनि एक घण्टाभित्र मान्छे मर्छ, त्यसलाई फुगु भन्ने एक किसिमको लक्जरी परिकार बनाएर खाइन्छ । टिटिएक्स नामक टक्सिन जसको कुनै पनि एन्टिडोट हुँदैन, त्यो त्यस माछाको छाला, कलेजो र अन्डाशयमा मात्र पाइन्छ । त्यसलाई जापानीहरू कुशलतापूर्वक फयाँकिदिन्छन् अन्यथा मृत्यु अवश्यम्भावी हुन्छ । यी सब फूड प्वायजनिङका उदाहरण हुन्।

फूड प्वायजनिङ हलुका, मध्यम र कडा सबै प्रकारका हुन्छन् । हलुका र मध्यम आफैं वा सानै उपचारले ठीक हुन्छ, त्यहीं कडाले ज्यानसमेत लिन सक्छ। विश्वमा प्रतिवर्ष ९.४ मिलियन फूड प्वाजनिङका घटना हुन्छन् । यो डायग्नोसिस भएको सङ्ख्या हो । तर विनाडायग्नोसिसका घटना ३९ मिलियनसम्म अनुमान गरिएको छ। म स्वयं धेरैचोटि हलुका फूड प्वायजनिङको शिकार भएको छु किनभने हामीकहाँ खाना र मिठाइ आदि सुरक्षित राख्ने चलन छैन।

भाइरलबाहेक फूड प्वायजनिङ मुख्यतः दुई प्रकारको हुन्छ– ननब्याक्टेरियल र ब्याक्टेरियल । ननब्याक्टेरियलमा–आर्सेनिक, केही बिरुवा र समुद्री खाना, फर्टिलाइजर, पेस्टिसाइड, कैडमियम, मर्करी आदि । यो खानामा मिसिएको हुन्छ, जसबारे सम्बन्धित आलेखमा बताइनेछ । ब्याक्टेरियल तीन प्रकारको हुन्छ : केवल जिउँदै ब्याक्टेरिया, ब्याक्टेरियाले छोडेको केवल टक्सिन तथा ब्याक्टेरिया र टक्सिन दुवै । ब्याक्टेरियल फूड प्वायजनिङ निम्नलिखित प्रकारका हुन्छन्–

१. साल्मोनेला फूड प्वायजनिङ
२. स्टेफाइलोकोकल फूड प्वायजनिङ
३. बोटुलिज्म फूड प्वायजनिङ
४. क्लोस्ट्रेडियम परफ्रिजेन्स फूड प्वाजनिङ, र
५. सिरस फूड प्वायजनिङ

१. साल्मोनेला फूड प्वायजनिङ आजकाल सामान्य हुँदै गएको छ किनभने समाजमा यस्तो खानाको लत बढ्दै गएको छ र अन्तर्राष्ट्रिय खाना वितरण प्रणाली बढ्दैछ। फार्मिङ गरिएका जनावर बढी सङ्क्रमित भइरहेका छन्, घरेलु डिटर्जेन्टको प्रयोगले नाली सफाइमा बाधा पैदा गरिरहेको छ र तयारी खानाको चलन विस्तार हुँदैछ । अतः आज यो एकदम बढी भएको छ। साल्मोनेला ग्रुपमा पनि फूड प्वायजनिङको लागि साल्मोनेला टाइफी मुरियम, साल्मोनेला कोलेरी सुइस र साल्मोनेला इन्टराइटिस मुख्य हुन् । साल्मोनेला मुख्यतः फार्म र पोल्ट्री जनावरको सङ्क्रमण हो र मानिसमा यो सङ्क्रमित मासु, दूध, अन्डा, ससेज र दही आदि खाँदा हुन्छ । मुसा अर्को स्रोत हो, जो भारी मात्रामा सङ्क्रमित हुन्छ र आफ्नो पिसाब र दिसाले खाद्य पदार्थलाई सङ्क्रमित पार्छ । माउसुली यही साल्मोनेलाले विषाक्त बन्छ । साल्मोनेलाको इन्क्युवेशन पिरियड १२ देखि २४ घण्टा हुन्छ अर्थात् सङ्क्रमित खाना खाएको १२ देखि २४ घण्टामा यसको लक्षण देखा पर्छ । पेटमा पुगेर यो आन्द्रामा विकसित हुँदै इन्टर्राटिस, पेट बटारिने, कामज्वरो, वाकवाकी, बान्ता र पानीजस्तो पखाला हुन्छ, जुन दुई/तीन दिनसम्म चल्छ । यसबाट एक प्रतिशत मृत्यु देखिएको छ।



तर कैरियर स्टेज धेरै सप्ताहसम्म चल्छ।

२. स्टेफाइलोकोकल ब्याक्टेरिया चारैतिर पाइन्छ। यो छाला, मानिस र जनावरको मुख र नाकमा पनि पाइन्छ। यदि जनावरलाई मस्टाइटिस भएको छ भने त्यस्तो जनावरको दूध, दूधको उत्पाद, सङ्क्रमित सलाद र कस्टर्ड आदि खाएपछि यसले वाकवाकी, बान्ता, पेट बटारिने र डायरिया ल्याउँछ। यस ग्रुपको ब्याक्टेरियामा स्टेफाइलोकोकल औरियस मुख्य हो। त्यसमा कम्तीमा पाँच प्रकारका विष हुन्छन्, जसलाई उसले निरन्तर छोडिरहन्छ। खानालाई आगोमा तताउँदा ब्याक्टेरिया त मर्छ तर उसले छोडेको विष आधा घण्टा उमाले पनि मर्दैन । अतः विषको असर हुने निश्चित छ । छालामा फोका र पाक्ने घाउ यसैले गर्दा हुन्छ । एन्टिबायोटिक र लक्षणाको उपचार आएपछि आजकाल मृत्यु भएको देखिंदैन । यसको इन्क्युवेशन पिरियड एकदेखि आठ घण्टाको हुन्छ, जसले गर्दा असर अर्कोभन्दा छिटो हुन्छ । यसमा ज्वरो लाग्दैन। जबकि साल्मोनेलामा लाग्छ।

३. बोटुलिज्म सबैभन्दा कडा फूड प्वायजनिङ हो, जसले दुई तिहाइ सङ्क्रमित मान्छेको ज्यान लिन्छ । यो सङ्क्रमण गराउने ब्याक्टेरियाको नाम क्लोस्ट्रेडियम बोटुलिनम हो, जुन धूलोमा छरिएको हुन्छ। यो जनावरको आन्द्रामा हुन्छ, जहाँबाट मानिसमा पुग्छ । यसको वृद्धि अक्सिजन नभएको अवस्थामा हुन्छ, जुन डब्बाबन्द खाना, घरमा प्याक गरिएको अचार, बोतलबन्द चटनी र तारेर राखिएका मासु र माछामा वृद्धि हुन्छ । ल्याटिनमा बोटुलमको मतलब नै ससेज वा चटनी हुन्छ । जब यो बढ्छ, तब यसले एउटा एक्सोटक्सिन छोड्छ। अरूभन्दा यो यस मानेमा भिन्न छ कि यसमा पेट र आन्द्राको समस्या हलुका हुन्छ तर स्नायुमा बढी हुन्छ, जसले गर्दा मान्छेमा– डिसफेजिया अर्थात् निल्न कठिनाइ, डिप्लोपिया अर्थात् एउटै कुरा दुईटा देखिने, ब्लरिङ भिजन अर्थात् मधूरो दृष्टि, टोसिस अर्थात् आँखाको माथिल्लो परेला तल आउने, डिसआर्थ्रिया अर्थात् बोल्न कठिनाइ, मांसपेशीको कमजोरी र यहाँसम्म कि हातखुट्टामा पक्षघातसमेत गर्न सक्छ । यसमा ज्वरो आउँदैन र रोगी होशमा नै हुन्छ । १५ देखि ३६ घण्टामा यसको असर शुरू हुन्छ र चारदेखि आठ दिनमा फोक्सो र मुटु फेल भएर मृत्यु हुन्छ । जो रोगी ठीक हुन्छ, उसको शरीरमा कुनै एन्टिटक्सिनको निर्माण हुँदैन, जसले फेरि सङ्क्रमण भयो भने उपचारको असर हुँदैन । यस कारण बोटुलिज्मको जुन इलाकामा प्रकोप हुन्छ, त्यहाँका प्रत्येक व्यक्तिलाई ५० हजार देखि एक लाख युनिटको कृत्रिम विष अर्थात् टाक्सवायड नसाबाट दिइन्छ। तर विष स्नायुमा फिक्स भएपछि त्यसले काम गर्दैन । त्यसको लागि ग्वानिडिन हाइड्रोक्लोराइड १५ देखि ४० मिलीग्राम प्रतिकिलोको हिसाबले मुखबाट दिइन्छ, जसले मांसपेशी र स्नायुको जोडमा पुगेर बोटुलिनम ब्याक्टेरियाको कार्य रोकिदिन्छ। यदि अस्पतालको राम्रो हेरचाहमा राखेर यो दिइयो भने नतीजा राम्रो आउन सक्छ, अन्यथा मृत्यु अनिवार्य छ। यसको विष केही मिनेट १०० डिग्री सेन्टिग्रेडमा असरदार रहँदैन। अतः तताएर खाना खानु सुरक्षात्मक मानिन्छ। खतरनाक भएपनि यसले गर्दा फूड प्वायजनिङका घटना धेरै न्यून देखिएका छन्।

४. क्लोस्ट्रेडियम परफ्रिजेन्स फूड प्वायजनिङ भने क्लोस्ट्रेडियम बेल्चाई नामक ब्याक्टेरियाको सङ्क्रमणले गर्दा हुन्छ । यो मान्छे र जनावरको मलमा पाइन्छ, जसले गर्दा माटो, पानी र हावा दूषित हुन पुग्छ। हुन्छ के भने २४ घण्टा पहिले पकाएर राखिएको खाना खानुभन्दा पहिले तताइन्छ । त्यही तताउने क्रिया यसको सङ्क्रमणको कारण बन्छ। यसको स्पोर ३० देखि ३५ डिग्रीमा वृद्धि हुन्छ। अलिकति तदाउँदा स्पोरको वृद्धि झन् बढ्छ। अतः यस्तो खाना बनाएपछि बिस्तारै होइन, शीघ्र सेलाएर मात्र राख्नुपर्छ। यसले गर्दा स्पोर मर्छ। स्लो सेलाउँदा स्पोर मर्दैन र तताउँदा झन् वृद्धि हुन्छ तथा अल्फा र थिटा आदि विभिन्न प्रकारका टक्सिन छोड्छ। यसको इन्क्युवेशन पिरियड छदेखि २४ घण्टा हुन्छ र यसको उच्चतम प्रभाव १० देखि १४ घण्टामा देखिन्छ। यसको वृद्धि ३० देखि ५० डिग्रीभित्रमा हुन्छ । यसलाई रोक्ने उत्तम विधि यही हो कि खाना तात्तातै खाने र पछिको लागि नछोड्ने। यसको लक्षण हो– पखाला आउनु, पेट बटारिनु र हलुका ज्वरो देखिनु। वाकवाकी र बान्ता कमै हुन्छ । बिमारी एक दिन वा त्यसभन्दा पनि कम हुन्छ र मृत्यु हुँदैन।

५. सिरस फूड प्वायजनिङ, सिरस एउटा एरोबिक ब्याक्टेरिया हो। मतलब यसको वृद्धि अक्सिजनको उपस्थितिमा हुन्छ। यो पनि माटो, काँचो खाना तथा तयारी खानामा स्पोरसहित प्रचुर मात्रामा हुन्छ । प्रोसेस्ड फूडमा हुने भएकोले आजकाल यसको घटना बढिरहेको छ। खाना तताए पनि यसको वृद्धिमा कुनै असर पर्दैन र खाना राखेपछि अनुकूल तापक्रममा बढ्छ। यसका दुईटा टक्सिन हुन्छ। त्यस कारण यसको रूप पनि दुई प्रकारको हुन्छ : इमेटिक र डायरियल। इमेटिक रूपले अपर आन्द्राको लक्षण पैदा गर्छ भने डायरियलले तलको आन्द्राको लक्षण पैदा गर्छ । पहिलोको असर एकदेखि छ घण्टामा देखा पर्छ भने दोस्रोको १२ देखि २४ घण्टामा । दोस्रोमा क्लोस्ट्रेडियम बेल्चाई जस्तो लक्षण अर्थात् डायरिया र पेट दुख्छ । वाकवाकी र ज्वरो हुँदैन, जबकि पहिलोमा हुन्छ । २४ घण्टामा यो ठीक हुन्छ र खाली लक्षणको उपचार गरे पुग्छ।

फूड प्वायजनिङ हैजा, रगतमासी र आर्सेनिक प्वायजनिङसँग मेल खान्छ। अतः त्यसबाट फूड प्वायजनिङलाई छुट्याउनुपर्छ । जुन रोगीको इतिहास, बान्ता र पखालाको ल्याब जाँचले हुन्छ। फूड प्वायजनिङको रोकथामका लागि तीन बुँदामा विचार पुऱ्याइन्छ :

१. फूड सेनिटेशन, २. रेफ्रिजरेशन, र ३. सर्भिलेन्स

पहिलो फूड सेनिटेशनमा मिट इन्स्पेक्शन, पर्सनल हाइजिन, फूड हैन्डलरको सरसफाइ, फूड हैन्डलिङ टेक्निक, किचेन सेनिटेशन, भाँडाको सफाइ, हेल्थ एजुकेशन पर्छन्। मासु बिक्री गर्ने पसलको समयसमयमा निरीक्षण अनिवार्य हुन्छ अन्यथा फूड प्वायजनिङ निश्चित हुन्छ । त्यस्तै, भान्सा र खाने ठाउँको सरसफाइका साथै जसले खाना पकाउँछ र खाना पस्कन्छ, उसको सरसफाइ पनि उत्तिकै जरुरी हुन्छ । हाम्रोमा हातले खाना खाइन्छ। वास्तवमा खानका लागि सफा काँटा–चम्चा नै उत्तम हुन्छ । हातैले खानु छ भने खानुभन्दा पहिले साबुनले राम्ररी हात सफा गर्नुपर्छ। त्यस्तै, सार्वजनिकरूपमा स्वास्थ्य शिक्षाको प्रसार गरिराख्नु सबैभन्दा जरुरी हुन्छ । दोस्रो रेफ्रिजरेशनमा यही भन्न सकिन्छ कि जुन बेला पाक्यो, त्यति नै बेला खानु सर्वोत्कृष्ट उपाय हो । तर पछि खाने बानी छ भने खाना रेफ्रिजरेटरको चार डिग्री सेन्टिग्रेट तापक्रममा राख्नुपर्छ । यदि खाना १० देखि ४९ डिग्रीमा राखियो भने त्यो ब्याक्टेरिया वृद्धिको खतरनाक क्षेत्र हो। यसमा ब्याक्टेरिया तीव्ररूपले वृद्धि गर्छ। चार डिग्रीले ब्याक्टेरियोस्टेटिकको काम गर्छ । तर फ्रिजमा राखेको खाना पनि २४ घण्टाभन्दा बढी राख्न मिल्दैन। तेस्रो सर्भिलेन्समा विभिन्न खानेकुराका सैम्पल लिएर प्रयोगशालामा जाँच्न पठाएर समयसमयमा निगरानी गरिराख्नुपर्छ । विभिन्न होटल र मिठाइपसल आदिमा अनुगमन गरिएन भने फूड प्वायजनिङ विस्फोट हुने डर रहन्छ।

**उपचार**

रोगीलाई जीवनरक्षक स्लाइनमा राखेर अक्सिजन तयार राखेर आवश्यक परे तुरुन्त दिनुपर्छ । कृत्रिम श्वासको आवश्यकता भयो दिनुपर्छ । उचित एन्टिबायोटिक अति आवश्यक हुन्छ, जसले ब्याक्टेरिया मरोस्। यदि बोटुलिज्म निदान भएको छ भने ५० हजारदेखि एक लाख युनिट एन्टिबोटुलिनम सिरम नसाबाट दिनुपर्छ। आमाशयको लभाज गरी बाँकी खाना बाहिर निकाल्नु फूड प्वायजनिङको उपचार हो । धेरै चिकित्सकको यो पनि भनाइ छ कि बोटुलिज्मबाहेक अन्य फूड प्वायजनिङको हलुका र मध्यम रूपलाई उसको कोर्स मुताबिक नै चल्न दिनुपर्छ र ब्राट डाइट मात्र खाए पुग्छ। ब्राट डाइटको मतलब हो– ब्लेन्ड डाइट अर्थात् केरा, जाउलो, बार्ली, स्याउको जुस, उसिनेको आलु आदि । तर बच्चा र गर्भवतीको विशेष ध्यान राख्नुपर्छ किनभने जीवन जाने खतरा हुन्छ। बच्चामा ब्याक्टेरियल वा भाइरल मेनिन्जाइटिस हुने तथा गर्भवतीमा गर्भ तुहिने सम्भावना बढी हुन्छ। अस्तु।

(लघुकथा)

# तिमी कहाँ छ्यौ ?



**-जोइस् क्यारोल ओइत**

पतिलाई घरको कतैबाट पत्नीलाई बोलाउने बानी परेको थियो– यदि पत्नी माथिल्लो तलामा हुन्थी भने ऊ तल्तिर हुन्थ्यो; यदि पत्नी तल्तिर हुन्थी भने ऊ माथिल्लो तलामा हुन्थ्यो । र ऊ जवाफ फर्काउँथी–"हजूर ? के ?"

पति भने एकोहोरो बोलाइरहेकै हुन्थ्यो, मानौं उसले सुनेकै छैन । पति तनावग्रस्त धैर्यताको सासमा भन्थ्यो– "हेलो ! हेलो ! तिमी कहाँ छ्यौ?"

त्यतिखेर ऊसँग हतार नगर्नुको विकल्प हुन्थेन र कुद्थी– ऊ जहाँ भए पनि, जता भए पनि, तल्तिर, मास्तिर, भुइँतला वा बाहिर आँगनमा, करेसाबारी वा घर अगाडिको बाटोमा ।

"हजूर !", पत्नी सम्हालिँदै भन्थी– "के भयो ?"

अनि पति भन्थ्यो– कुनै गुनासो, टिप्पणी, कुनै अवलोकन, केही सम्झाउँदै वा कुनै जिज्ञासा । र फेरि अर्को क्षण पतिले हतारमा पुनः उसलाई बोलाउँदै बोलाएको सुन्थी– "हेलो ! हेलो ! तिमी कहाँ छ्यौ ?"

अनि ऊ पतिलाई खोज्दै जवाफ फर्काउथी–"हजूर ! के भयो ?"

ऊ पत्नीलाई बोलाइरहन्थ्यो नसुनुन्जेल । घरमा उसले बोलेको सुन्ने पत्नी मात्रै त थिई । पतिलाई 'श्रवण उपकरण' पनि घाँडो लाग्थ्यो । त्यो शङ्खेकीरा जत्रो एउटा सानो प्लास्टिकको उपकरणबारे उसले गुनासो गर्‍यो, त्यस उपकरणले कोमल कानको भित्रैसम्म चोट पुर्‍याएको थियो, कान रातम्य र रगताम्य बनाएको थियो । त्यही झोंकमा चिडचिडाउँदै ऊ बोलाइरहेको थियो–"हेलो ! तिमी कहाँ छ्यौ ?"

पत्नीले भने कहींकतै सुन्ने नै होइन, कहाँ गएकी हो, के गरिरहेकी छे कुनै अत्तोपत्तो नै छैन । कहिलेकाहीं पतिको चालामालाले ऊ रिसले चूर पनि हुन्थी। अन्ततः पत्नी सबै कुरा छोडेर हस्याँङफस्याङ उसलाई खोज्दै आइपुग्छे र जब उसले पत्नीलाई देख्थ्यो, झोक्किएर भन्थ्यो– "तिमी कहाँ थियौ ? तिम्रो जवाफ नसुन्दा मलाई चिन्ता लाग्छ क्या ।"

हुनत यो हाँस्ने कुरा थिएन, उसले हाँस्दै, अथवा भनुँ हाँस्न खोज्दै भनी– "म यहीं त छुँ नि ।"

प्रतिवादस्वरूप ऊ भन्थ्यो– "अहँ होइन, तिमी यहाँ थिइनौ। म यहीं थिएँ, र तिमी यहाँ थिइनौ ।"

त्यही दिन, उसको खानापछि तर आराम गर्नु अघि, खाना खानुभन्दा पहिले र आराम गरेपछिको कुरा होइन, पत्नीले पति कराइरहेको सुनी– "हेलो! हेलो! तिमी कहाँ छ्यौ ?"

अनि पत्नीको मनमा विचार आयो– हैन, अब लुक्नुपर्‍यो। तर, केटौलोजस्तो ऊ किन गर्थी र ! बरु सिढीमा उभिई र मुखमा हातको ढुङ्ग्रोजस्तो बनाएर पतिलाई जवाफ फर्काई– "म यहीं छु। म सधैं यही त छु। अन्त कहाँ जान्थें र ?" तर पतिले उनको आवाज सुन्न सकेन र बोलाइरह्यो– "हेलो ! हेलो! तिमी कहाँ छ्यौ ?"

अन्ततः पत्नी चिच्याई– के चाहियो ? भनिरहेकै छु, म यहीं छु त ।" तर पतिले सुनेन र बोलाइरह्यो– "हेलो ! तिमी कहाँ छ्यौ ? एई !!, र अन्तमा पत्नीले हार मानी, किनकि पति क्रोधित र चिन्तित मात्र थिएन, बेचैन पनि हुन थालेको थियो ।

सिँढीबाट ओर्लंदै गर्दा पत्नी चिप्लिई र बेस्करी लडी, त्यति नै खेर गर्दन भाँचियो र त्यहीं सिंढीको फेदमा उसको मृत्यु भयो । उता शायद तल्तिरको कुनै कोठामा हो वा शायद भूमिगत कोठामा अथवा करेसाबारीबाट पनि हुन सक्छ, पतिले बोलाइरहेको थियो, झन्झन् आत्तिँदै जोडले– "हेलो ! हेलो ! तिमी कहाँ छ्यौ ?"

अनुवाद– पञ्चम अधिकारी, बेल्जियम ( साभारः समकालीन साहित्य)

# अन्तर्राष्ट्रिय समाचार

## मिनीट्रक दुर्घटना हुँदामा ३१ जना बालबालिका घाइते

बिस्केक, २१ वैशाख/सिन्ह्वा

दक्षिणी किर्गिजस्तानमा बिहीवार एक उत्सव कार्यक्रममा विद्यार्थीहरूको समूहलाई मिनी ट्रकले ठक्कर दिंदा ३१ जना बालबालिका घाइते भएको आन्तरिक मामिला निर्देशनालयले जनाएको छ ।

जलालाबाद क्षेत्रको सुजाक जिल्लामा मानस नामको एक कार्यक्रममा सहभागी बालबालिकाहरू घाइते भएका थिए ।

बालबच्चाका लागि आइसक्रिम बोकेको मिनीट्रक चालकको असावधानीका कारण सडकबाट एकाएक विद्यार्थीको भीडमा खसेको थियो। स्वास्थ्य मन्त्रालयका अनुसार दुर्घटनामा ९–१६ वर्षका ३१ बालबालिका घाइते भएका थिए, जसमध्ये चारको अवस्था गम्भीर रहेको छ । ट्रक चालकलाई प्रहरीले हिरासतमा लिएको छ। रासस



## सन् २०२६ महिला कृषकको अन्तर्राष्ट्रिय वर्ष घोषणा

संयुक्त राष्ट्रसङ्घ, २१ वैशाख/सिन्ह्वा

संयुक्त राष्ट्रसङ्घको महासभाले बिहीवार सन् २०२६ लाई अन्तर्राष्ट्रिय महिला कृषक वर्षको रूपमा मनाउने घोषणा गर्ने प्रस्ताव पारित गरेको छ ।

प्रस्तावमा महिला कृषकले कृषि खाद्य प्रणालीमा सामना गर्ने बाधा तथा चुनौतीलगायतका मुद्दा सम्बोधन गरी लैङ्गिक समानता र कृषि–महिला सशक्तीकरण गर्ने बताइएको छ ।

राष्ट्रसङ्घले प्रभावकारी नीति र कार्यहरूबारे चेतना जगाई नीतिगत ध्यान केन्द्रित गर्ने उद्देश्यका गतिविधिहरूमार्फत अन्तर्राष्ट्रिय वर्षको विश्वव्यापी अवलोकनलाई आमन्त्रित पनि गरेको छ।

साथै, महासभाले खाद्य र कृषि सङ्गठनसमेत, रोममा रहेका अन्य संयुक्त राष्ट्रसङ्घीय निकायहरूसँग मिलेर प्रस्तावको कार्यान्वयनलाई सहजीकरण गर्न तथा अन्तर्राष्ट्रिय वर्ष प्रभावकारी रूपमा मनाउन निर्देशन दिएको छ। रासस

## पाकिस्तानमा बस दुर्घटना, २० जनाको मृत्यु

गिलगिट (पाकिस्तान), २१ वैशाख/एएनआई

पाकिस्तान अधिकृत कश्मीरको गिलगिट–बाल्टिस्तानको डायमर जिल्लामा यात्री बस साँघुरो पहाडी सडकमा दुर्घटना भई खोलामा खस्दा कम्तीमा २० जनाको मृत्यु हुनुका साथै २१ जना घाइते भएका छन् ।

प्रहरीका अनुसार शुक्रवार बिहान ५:३० बजे डायमरको काराकोरम राजमार्गको यशोखल क्षेत्रमा बस दुर्घटना भएको थियो । रावलपिन्डीबाट गिलगिटतर्फ गइरहेको बसमा कम्तीमा ३८ जना यात्री सवार रहेको प्रहरीले जनाएको छ ।

दुर्घटनापछि दुर्घटनास्थलमा उद्धार टोली पठाइएको छ भने घाइते तथा शवलाई चिलास अस्पताल लगिएको छ। स्वास्थ्य विभागका निर्देशकका अनुसार मृतकमध्ये तीनजना महिला पनि रहेको जियो न्युजले जनाएको छ ।

जियो न्युजसँग कुरा गर्दै डायमरका उपायुक्त फयाज अहमदले कम्तीमा पाँचजना घाइते यात्रीको अवस्था गम्भीर रहेको र दुईजनालाई गिलगिट शहर सारिएको बताए । अहमदले दुर्घटनाका पीडित परिवारसँग नियमित सम्पर्कमा रहेको जानकारी दिएका छन् । तीव्र गतिका कारण मोड लिने क्रममा बस दुर्घटना भएको अधिकारीहरूले जनाएका छन् ।

गिलगिट–बाल्टिस्तानका मुख्यमन्त्री हाजी गुलबर खानले घटनाप्रति शोक व्यक्त गरेका छन् । उनले प्रशासन र उद्धारकर्ताहरूलाई घाइतेलाई तत्काल चिकित्सा सहायता प्रदान गर्न आदेश दिएका छन् । यसैगरी गिलगिट–बाल्टिस्तान सरकारका प्रवक्ताले चिलास अस्पतालमा आपतकाल लागू गरिएको घोषणासमेत गरेका छन्। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभं | वृष – सफलता |
| मिथुन – राज्यभय | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – शत्रुभय |
| तुला – चोरभय | वृश्चिक – उदरपीडा |
| धनु – विजय | मकर – धनखति |
| कुम्भ – भाग्योदय | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे

## सुनको मूल्य तोलामा रु एक हजार एकले घट्यो

काठमाडौं, २१ वैशाख/रासस

स्थानीय बजारमा आज पहेंलो धातुको मूल्य तोलामा रु ११०० ले ओरालो लागेको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार बिहीवार प्रतितोला रु १,३६,५०० मा कारोबार भएको छापावाला सुन आजका लागि रु एक लाख ३५ हजार चार सय निर्धारण भएको छ ।

यस्तै, तेजाबी सुन बिहीवार तोलामा रु एक लाख ३५ हजार आठ सय ५० मा कारोबार भएकोमा आजका लागि रु एक लाख ३४ हजार सात सय ५० निर्धारण भएको छ । चाँदीको मूल्यमा भने परिवर्तन भएको छैन । बिहीवार जस्तै आजका लागि चाँदीको मूल्य तोलामा रु एक हजार छ सय ४५ निर्धारण भएको छ ।

## खडेरीले बारामा दक्षिणी भागमा रोपाइँ भएन

बारा, २१ वैशाख/रासस

चैतभित्रै किसानले चैतेधान रोपाइँ सम्पन्न गरिसक्नुपर्नेमा लामो समयदेखिको खडेरीले गर्दा जिल्लामा करीब ६० प्रतिशत मात्र रोपाइँ भएको छ ।

कृषि ज्ञान केन्द्रका प्रमुख राजनारायणप्रसाद साहका अनुसार जिल्लाको उत्तरी क्षेत्रका किसान आफैँले सिंचाइ व्यवस्था गरी यस वर्ष १६ हजार हेक्टरमा हर्दिनाथ–१, चैते–१, चैते–२, चैते–४ जातको धान रोपेका छन् । दक्षिणी क्षेत्रका किसानले खडेरीले गर्दा रोपाइँ गर्न सकेका छैनन् ।

भदैया, अगहनी धानको उत्पादकत्वभन्दा चैते धानको उत्पादन बढी हुने भएकोले चैतेधान खेतीतर्फ किसान बढी आकर्षित हुने गरेका छन् । गत वर्ष किसानले कुल १६ हजार हेक्टर क्षेत्रफलमा चैते धान गरी प्रतिहेक्टर पाँच मेट्रिक टन उत्पादन गरेका थिए ।

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## निजगढ सडक दायाँ/बायाँका हरियो रूख कटान गर्न नहुने

प्रस, निजगढ, २१ वैशाख/

पूर्व–पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत निजगढ सडकखण्डको दायाँ/बायाँ हुर्किएका हरिया रूखहरू काटिने भएका लामिछानेको कार्यकालमा हरियो रूखबिरुवा मासेको भन्दै निकै आलोचना खेप्नुपरेको थियो । त्यस बेला सडकका दायाँ–बायाँ रोपिएका कपुरलगायतका सार्ने, रोप्ने कार्यतर्फ सम्बन्धित सरोकारवाला निकायहरूले बेलैमा ध्यान जानुपर्ने स्थानीय प्रकाश श्रेष्ठले बताए । आवश्यकता महसूस गरी रोपिएका



पूर्व–पश्चिम महेन्द्र राजमार्गको निजगढ सडकको दायाँ/बायाँ चार वर्ष अघि रोपिएका हरिया रूखहरू राजमार्ग विस्तारको नाममा काटिने भएका छन् । तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

छन् । एशियन हाइवे अन्तर्गतको पूर्व–पश्चिम महेन्द्र राजमार्ग विस्तारको क्रममा निजगढको मुख्य सडकको दायाँ/बायाँ हुर्किएका तीन हजारभन्दा बढी हरिया रूखहरू मासिने भएका हुन् ।

करीब चार वर्ष अघि सडक डिभिजन कार्यालय, हेटौंडाले सडकको केन्द्रबिन्दुबाट २५/२५ मिटर दायाँ–बायाँ रहेका कुनै पनि घरटहरा, रूख, बिरुवा, संरचना हटाउन पटकपटक निजगढ नगरपालिकालाई आग्रह गरेसँगै निजगढ नगरपालिकाले सडकको सो क्षेत्राधिकारभित्र डोजरको प्रयोग गरी सफाइ अभियान चलाएको थियो । सोही क्रममा निजगढ नगरको भमरा पुलदेखि बकैया पुलसम्मको करीब चार किलोमिटरभित्र रहेका एक/दुई स्थानमा रहेका वरपिपलका रूख, चौतारा, प्रतीक्षालयबाहेक अधिकांश हटाइएको थियो ।

तत्कालीन निजगढका प्रमुख सुरेशकुमार खनाल र उपप्रमुख लीलादेवी बिरुवाहरू अहिले हुर्किएर सडक र बस्तीमा हरियालीसँगै सुन्दर देखिएको छ । तर रोपेको चार वर्ष बित्न नपाउँदै पुनः सडक विस्तारको नाममा हुर्किएका हरिया रूखहरूमा कटान गर्नको लागि बोक्रा खुर्किएर नम्बरिङ गरिएपछि निजगढमा विरोध शुरू भएको छ ।

ती रूखबिरुवा हुर्काउन धेरै मेहनत परेको निजगढवासीको भनाइ छ । पुनः रूख कटान गर्नु सरासर गलत भएको स्थानीयहरूको भनाइ छ । "त्यस बेला घरआँगनमा भएका रूख मासेर उजाड बनाएपछि नगरपालिकाले रोपेको तर हामीले हुर्काएका रूख हामी कसैलाई पनि मास्न दिन्नौं," अधिकांश स्थानीय बताउँछन् ।

त्यस बेला गर्मीमा रूखको छहारी पाइएको थिएन । अहिले रूखबिरुवा हुर्किएर छहारी दिने बेलामा फेरि सडक विस्तारको कटान गर्न नहुने स्थानीयहरूको भनाइ छ । यी रूखबिरुवा कटान गर्नुको साटो जरासहित उखेलेर उपयुक्त कहींकतै घरआँगनका रूखबिरुवा मास्ने कल्पनासमेत गर्न नहुने स्थानीयहरूले बताए । हुर्किएका रूखलाई जराको माटो सहित जस्ताको तस्तै उपयुक्त स्थानमा सार्न ट्रिस्पेड आधुनिक मेशीनको प्रयोग गर्न सकिने डिभिजन वन कार्यालय, बाराका प्रमुख एवं डिएफओ विनोद सिंहले बताए । "जथाभावी रूखबिरुवा कटान, प्राकृतिक स्रोत साधनको चरम उत्खननका कारण वातावरणमा अहिले निकै असर परेको छ," डिएफओ सिंहले भने ।

विकास कार्यका नाममा रूखबिरुवा काट्नुभन्दा यसको वैकल्पिक उपायहरूको खोजी र सोको अनुसरण गर्नेतर्फ लाग्नुपर्ने वातावरणविद् बताउँछन् । निजगढको राजमार्गको दायाँ/बायाँ हरिया रूखबिरुवाको संरक्षणमा निजगढ नगरपालिका पनि लाग्नुपर्ने देखिन्छ । यहाँ रोपिएका रूखबिरुवाहरू हटाउनै परे अन्यत्र खाली स्थानमा सार्न वातावरणविद्हरूको सुझाव छ ।

## महानगरपालिकाको श्रम बैंकबाट चार सयभन्दा बढी रोजगार

काठमाडौं, २१ वैशाख/रासस

काठमाडौं महानगरपालिकाले खोलेको श्रम बैंकमार्फत ४३० जनाले रोजगार पाएका छन् । थप तीन हजारजनाले रोजगारका लागि निवेदन दिएका छन् ।




महानगरले गत वर्षको भदौ अन्तिममा श्रम बैंक शुरू गरेको थियो । अफलाइन र अनलाइनमा परेका निवेदनमार्फत रोजगार उपलब्ध गराइरहको श्रम बैंकका 'फोकल पर्सन' पवनकुमार ठाकुरले बताए । उनका अनुसार रोजगार पाउनेमा स्थानीय र केही भाडामा बसोबास गर्ने व्यक्तिको निवेदन प्राथमिकतामा परेको छ । व्यक्तिको कार्यक्षमताका आधारमा दैनिक ज्यालामा रोजगार दिने गरिएको उनले बताए । "कार्यालयमैं आएर फाराम बुझाउनेहरू थुप्रै हुनुहुन्छ," उनले भने, "यद्यपि श्रमप्रतिको सम्मान भाव नभएका कारण अझै रोजगार खोज्दै आउने युवाको जमात थोरै देखिन्छ।" अनलाइन फाराम भर्न भनिए पनि भौतिक उपस्थिति अनिवार्य भएकाले बैंकसम्म आउनेको सङ्ख्या तुलनात्मकरूपमा थोरै भएको उनको बुझाइ छ ।

**गहवामाई ...**

गहवामाई ...

सयपत्री फूल र झिलिमिली बत्तीले सजाइएको थियो। रथयात्रामा भोजपुरी समुदायका पारम्परिक लोकबाजा तथा धार्मिक नृत्य र झाँकी प्रस्तुत गरिएको थियो ।

वीरगंज नगरको स्थापना गहवा गाउँबाट भएको मान्यता रहेको छ । गहवामाईकै नामबाट सो ठाउँको नाम परेकोले गहवामाईलाई नगरदेवीको रूपमा पुज्ने गरिन्छ । यहाँको हरेक धार्मिक कार्यदेखि विवाह, यज्ञ जे गर्दा पनि स्थानीयले घरको कुलदेवतापछि उनैलाई आह्वान गर्ने धार्मिक रीतिरिवाज छ । वीरगंज बजारको मुटुमा अवस्थित गहवामाईलाई 'दुअरदेवीमाई' "माईस्थान" अर्थात् देवीको स्थान भनेर पनि चिन्ने गरिन्छ। वीरगंज आउने जो कोही हिन्दू धर्मावलम्बी एकपटक गहवामाईको दर्शन अवश्य गर्छन् ।

स्थानीय युवाहरूको सक्रियतामा भएको रथयात्रा सराहनीय भएको माईस्थान सञ्चालक समितिका पूर्वअध्यक्ष दिनाप्रसाद गुप्ताले बताए । धर्मप्रति युवाहरूको आस्था हराइरहँदा अहिले युवा जमातले ऐतिहासिक काम गरेको र उनीहरूकै सक्रियतामा यस्ता बृहत् कार्यको आयोजना हुनु सम्पूर्ण नगरवासीको लागि खुशीको कुरा भएको उनले बताए ।



**गर्मीमा खरबुजाः** वीरगंज महानगर–२४ रामगढवाको लक्ष्मी आयलनजीकै खरबुजा बेच्दै एकजना व्यापारी। गर्मी बढेपछि अहिले भारतीय खरबुजा प्रतिकिलो रु ४० को दरमा बिक्री भइरहेको छ। तस्वीरः राधेश्याम पटेल

# विष्णु गापामा ७५ वटा घरमा आगलागी




नितेश कर्ण, वीरगंज, २१ वैशाख/

सर्लाही जिल्लाको विष्णु गाउँपालिकामा ७५ वटा घरमा आगलागी भएको छ। विष्णु गापा–१ बाराउद्योरण गाउँमा आगलागी हुँदा ७५ वटा घर जलेर नष्ट भएको हो।

शत्रुघ्न राउतको घरमा आगलागी भएर खाना पकाउने ग्याँस सिलिन्डर विस्फोट हुँदा टोलभरि आगो फैलिएको जिल्ला प्रहरी कार्यालय, सर्लाहीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले बताए।

फुसको घरबाट सल्किएको आगो एकपछि अर्को घर हुँदै सिङ्गो गाउँमा फैलिएको उनले बताए। आगलागी भएपछि थुप्रै घरमा रहेका ग्याँस सिलिन्डरहरू एकपछि अर्को गरी विस्फोट भएका थिए।

आगलागीमा अन्नपात, लत्ताकपडा, भाँडाबर्तन, कागजात, नगदलगायत सामग्री जलेर नष्ट भएको प्रवक्ता श्रेष्ठले बताए।

सो गापामा वारुणयन्त्र नभएको र अर्को गापाबाट वारुणयन्त्र मगाउँदा समयमा नआएपछि ठूलो क्षति भएको स्थानीयले बताए। मलङ्गवा नगरपालिकाको वारुणयन्त्र बिग्रेको छ भने हरिवनको वारुणयन्त्र लालबन्दी नगरपालिका–१७ रानीगंजमा लागेको आगो निभाउन गएकोले आगलागी नियन्त्रणमा नआउँदा ठूलो क्षति भएको बताए।

आगलागी भएको चार घण्टापछि प्रदेश प्रहरी कार्यालय जनकपुरबाट वारुणयन्त्र आएको प्रवक्ता श्रेष्ठले बताए।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारी आएन | | |


## बालमैत्री वातावरण बनाऔं

बालबालिकालाईः

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा–आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरीका र अनावश्यक वस्तुहरू डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावकबाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात् केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं।

नेपाल सरकार

विज्ञापन बोर्ड



Make your stay with us is a
memorable experience



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## नक्कली परीक्षार्थी पक्राउ

प्रस, वीरगंज, २१ वैशाख/

रामराजा बहुमुखी क्याम्पस कलैया केन्द्रमा सञ्चालित कक्षा १२ को परीक्षामा अर्काको प्रवेशपत्रमा आफ्नो फोटो टाँस गरी परीक्षा दिइरहेको अवस्थामा दुईजना नक्कली परीक्षार्थीलाई प्रहरीले पक्राउ गरेको छ।

देवताल गाउँपालिका–५ बस्ने ३० वर्षीया किरण साह र अर्को एकजना १७ वर्षीया किशोरी रहेको प्रहरीले जनाएको छ। उनको नाम प्रहरीले सार्वजनिक गरेको छैन।

दुवैजना नक्कली परीक्षार्थी बनी लेखा विषयको परीक्षा दिइरहेको अवस्थामा कर्मचारी र प्रहरीले पक्राउ गरेको जिप्रका, बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताए। पक्राउ परेका दुवैजनालाई शिक्षा ऐन २०२८ सम्बन्धी कसूरमा अदालतबाट चार दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रवक्ता न्यौपानेले बताए।

## पत्रकार केशरी सम्मानित

प्रस, वीरगंज, २१ वैशाख/

विश्व प्रेस स्वतन्त्रता दिवसको



अवसरमा वीरगंजका पत्रकार कन्हैयालाल केशरी सम्मानित भएका छन्। उनलाई प्रधानमन्त्री पुष्पकमल दाहालले सम्मानपत्र दिएर सम्मानित गरेका हुन्।

पत्रकार केशरीलाई महासङ्घले प्रेस स्वतन्त्रता सेनानीद्वारा सम्मानित गरेको हो। विगत तीन दशकदेखि केशरी गोरखापत्र दैनिकमा आबद्ध छन्।

## जयसवाल रास्वपामा प्रवेश

प्रस, सिम्रौनगढ, २१ वैशाख/

उद्योग वाणिज्य सङ्घ सिम्रौनगढका पूर्वउपाध्यक्ष मुकेशप्रसाद जयसवाल राष्ट्रिय स्वतन्त्र पार्टीमा प्रवेश गरेका छन्। रास्वपा, बाराका संयोजक चन्दन स्वर्णकारले जयसवाललाई पार्टीमा स्वागत गरेका थिए।

कार्यक्रममा बारा क्षेत्र नं १ का क्षेत्रीय सभापति रजनीश कुशवाहा, सिम्रौनगढ नगर कमिटी सभापति साहेब अन्सारीलगायतको सहभागिता थियो।

# खेलकूदको संसार

## शहीदकप टी–२० क्रिकेटः गण्डकी प्रदेश विजयी

प्रस, जनकपुरधाम, २१ वैशाख/

जनकपुरधाममा जारी अन्तरप्रदेशस्तरीय शहीद कप टी–२० क्रिकेट प्रतियोगिता–२०८१ अन्तर्गत शुक्रवार भएको खेलमा मधेस प्रदेशलाई गण्डकी प्रदेशले सात विकेटले पराजित गरेको छ।




जनकपुरधामको रामजानकी बहुउद्देश्यीय रङ्गशालामा जारी प्रतियोगिता अन्तर्गत आज बिहान भएको खेलमा गण्डकी प्रदेशले टस जितेर मधेसलाई ब्याटिङको लागि आमन्त्रण गरेको थियो। मधेस प्रदेशले १९.४ ओभरमा सबै विकेट गुमाएर १०५ रन बनाएको थियो।

१०६ रनको लक्ष्यसहित ब्याटिङ गरेको गण्डकी प्रदेशले १४.४ ओभरमा तीन विकेटको क्षतिमा लक्ष्य पूरा गरी सात विकेटले विजयी भयो।

बलिङतर्फ गण्डकी प्रदेशका सुभाष भण्डारीले तीन, अमृत गुरुङ, चन्द्र पौडेल, कमल परियारले समान दुई/दुई विकेट लिएका थिए। गण्डकी प्रदेशका अर्जुन कुमालले ५२ रन बनाएका थिए।

मधेस प्रदेशका खेलकूद तथा समाज कल्याण मन्त्रालयको आयोजनामा बिहीवारदेखि शुरू भएको अन्तरप्रदेशस्तरीय शहीद कप टी–२० क्रिकेट प्रतियोगिता आगामी वैशाख २८ गतेसम्म चल्नेछ।

प्रतियोगितामा विजेता टीमलाई दुई लाख ११ हजार र उपविजेता टीमलाई एक लाख ११ हजार नगद, शिल्ड, पदक तथा प्रमाणपत्र वितरण गरिने आयोजकले जनाएको छ।

## सखुवाप्रसौनीमा भाडाको स्कार्पियो फिर्ता गर्नुपर्ने माग

प्रस, परवानीपुर, २१ वैशाख/

सखुवाप्रसौनी गाउँपालिकामा विगत लामो समयदेखि सञ्चालनमा रहेको भाडाको स्कार्पियो फिर्ता गर्नुपर्ने माग उठेको छ।

गापाको कामकाज गर्ने बहानामा वार्षिकरूपमा लाखौं रुपैयाँ अनियमितता गर्ने अभिप्रायले भाडाको स्कार्पियो सञ्चालन गरेकोमा त्यसलाई फिर्ता गर्नुपर्ने गापावासीले माग उठाएका छन्। सखुवाप्रसौनी गापा–३ बस्ने इन्जिनीयर अफजल हुसेनको समूहले संयुक्त हस्ताक्षरित विज्ञप्ति शुक्रवार गापाका प्रमुख प्रशासकीय अधिकृत राजेश रौनियारलाई बुझाउँदै ३० दिनभित्र स्कार्पियो फिर्ता गर्नुपर्ने अल्टिमेटम दिएका छन्।




३० दिनभित्र स्कार्पियो फिर्ता नभए पालिकावासी कडा आन्दोलनमा उत्रिने ज्ञापनपत्रमा चेतावनी दिइएको छ। मासिक एक लाख ३० हजार भाडामा चल्ने स्कार्पियोले मासिक ५० हजारभन्दा बढीको डिजेल पनि खान्छ। यसरी एउटा स्कार्पियो चढ्न मासिक दुई लाख ३० हजारको हाराहारीमा खर्च भइरहेको गाउँलेहरूले बताए। गाउँले यदि गापाको लागि सवारीसाधन आवश्यक भएमा खरीद गरेर सञ्चालन गर्नुपर्ने बताए। अथवा मोटरसाइकलबाट पनि जनताको काम गरेर पालिकाको रकम बचाउनुपर्ने उनीहरूको सुझाव छ।

वर्षमा २४–२५ लाख रुपैयाँ जोगियो भने सरकारी विद्यालयमा भौतिक संरचना निर्माण, खाजा कार्यक्रम, शिक्षकको तलबभत्तालगायत काममा उपयोग गर्न सकिने उनीहरूको सुझाव छ।

## नगरप्रमुखसँग खानेपानी अभावको गुनासो

प्रस, वीरगंज, २१ वैशाख/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले शुक्रवार वीरगंज–१२ नयाँटोलमा पुगेर खानेपानीको समस्याबारेमा जानकारी लिएका छन्। टोलवासीको गुनासो सुन्दै नगरप्रमुख सिंहले खानेपानीको अभावबारे आफू गम्भीर रहेको बताए।

खडेरी र गर्मीका कारण चापाकलहरू सुकेर खानपानीको अभाव भएकोले डीप बोरिङ जडान, खानेपानीको धारा जडान एवं ट्याङ्करमार्फत पानीको व्यवस्था गर्ने आश्वासन दिए। खानेपानी संस्थानले वीरगंजका विभिन्न स्थानमा पाइपलाइन तथा धारा जडानको कार्यलाई अघि बढाएको पनि उनले बताए।



वन डढेलोको कारण घाँस र दाउराको जोको गर्न निकै कठिन छ। विगत दुई महीनायतादेखि वन क्षेत्रमा जताततै डढेलो लागेपछि पशुपालकहरूलाई गाऱ्हो भएको छ। कोल्हवीस्थित पातालगङ्गा सिमसार क्षेत्रमा बाऱ्हैमास पानी हुने भएकोले त्यस क्षेत्रमा डढेलो लागेको छैन। यो बाघ, हात्ती, चितुवा जस्ता वन्यजन्तुको रोजाइ क्षेत्र पनि हो। वन डढेलोको कारण ज्यान जोखिममा मोलेर दाउरा, घाँस ल्याउँदै कोल्हवीका स्थानीय। शब्दचित्रः जीतलाल श्रेष्ठ/प्रतीक